CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरसिंहथापाचरितम्

खण्डकाव्यम्

नेपालीभाषानुवादसहितम्

प्रा.डा. वेणीमाधव ढकाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरसिंहथापाचरितम्

खण्डकाव्यम्

नेपालीभाषानुवादसहितम्

प्रा.डा. वेणीमाधव ढकाल

प्रकाशक

पाल्पा साहित्य समाज

तानसेन, पाल्पा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

- कृति : अमरसिंहथापाचरितम
- विधा : खण्डकाव्यम्
- रचयिता : प्रा.डा. वेणीमाधव ढकाल
- प्रकाशक : पाल्पा साहित्य समाज, तानसेन, पाल्पा
- प्रकाशन मिति : २०७४ असार १५
- संस्करण : प्रथम
- सर्वाधिकार © : लेखकमा
- प्रति : १००१
- मूल्य : रू. १५५/-

Amarsinghthapacharitam

Khandakavyam

Nepali Bhasa Anubadasahitam

by

Prof. Dr. Benimadhav Dhakal

PSL: 11

BD No. 53

Palpa Society for Literature

Tansen, Palpa

- ISBN : 978-9937-0-2588-1
- आवरण/सेटिङ्ग : कालिका कम्प्युटर सर्भिस
  प्रेसमार्ग, नारायणगढ, ५८४५३२५८३३
- मुद्रक : चित्रवन प्रिन्टर्स प्रा.लि.
  प्रेसमार्ग, नारायणगढ, फोन: ०५६-५७१७४८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्ता नं. ७१/०७१ त्रि.पु.प्र. पाल्पा

फोन नं. :- ०७५-५२०३१५

पाल्पा साहित्य समाज
(PALPA SOCIETY FOR LITERATURE)
तानसेन, पाल्पा

पत्र संख्या :-

मिति : २०७४।०२।१५

प्रकाशकीय

पाल्पा साहित्य समाजले हालसम्म पुष्कर अथक रेग्मीको गीति उपन्यास **अफसोच** (२०५७), पाल्पाली आदिकवि छविलाल नेपाल : संक्षिप्त परिचय, **अग्रदूत** (२०७०), समाजसेवी राधा भारती, संक्षिप्त परिचय, **आमा** (२०७१), अग्रज अमर पाल्पाली स्रष्टाहरूको जीवनी सङ्ग्रह **अमृताञ्जली** (२०७२) र कविता सङ्ग्रह **अन्तराल** (२०७३), बनमाली निराकारको **पत्रसञ्चयन** (२०६३), साहित्यिक संगालो **जागरण** (२०६५), सीता भट्टराईको भक्ति-गीतसङ्ग्रह **आराधना** (२०६८), चित्रवलिराम सुवालको कविता सङ्ग्रह **पलपल** (२०७१) र चिरञ्जीवी शर्मा ढुङ्गानाको कविता सङ्ग्रह **विषम वेदनाहरू** (२०७१) प्रकाशन गरिसकेको छ। यसपटक विद्वान् साहित्यकार प्रा.डा.वेणीमाधव ढकालज्यूद्वारा संस्कृत भाषामा रचित नेपाली अनुवादसहितको कृति **अमरसिंहथापाचरितम्** (२०७४) प्रकाशन गरेको छ।

नेपालका राष्ट्रिय विभूति, नेपाल अंग्रेज युद्धका बहादुर योद्धा, काजी अमरसिंह थापाको नाम सुन्नेबित्तिकै हामी नेपालीहरूको छाती गर्वले फुल्दछ। यिनै काजी अमरसिंह थापाको नेतृत्वमा पाल्पा आदि अनेक राज्य एकताको सूत्रमा गाँसिए र विशाल नेपाल राष्ट्रको निर्माण हुन पुग्यो। राष्ट्र निर्माणको महायज्ञमा काजी दलभञ्जन पाण्डे, काजी वीरभद्र सहितको सहयोग लिएर आफ्नो वीरताबाट यिनले संसारका सामु जुन अपूर्व कार्य गरे त्यो इतिहासमा स्वर्णाक्षरले लेखिने छ।

सेन राज्यकालदेखि नै संसारमा आफ्नो कला, इतिहास, धर्म, संस्कृति एवं साहित्यका माध्यमबाट प्रसिद्ध भएको पाल्पाको आफ्नै गौरवपूर्ण इतिहास छ। सोही इतिहासलाई अग्रसारित गर्न स्थापित पाल्पा साहित्य समाज (२०५१) सबैको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साझा संस्था हो। यसले आफ्नो स्थापनाकालदेखि नै विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ। आदिकवि भानुभक्तकै समयका कवि छविलाल नेपाललाई पाल्पाली **आदिकवि** घोषणा गरी बर्सेनी **छविलाल नेपाल पाल्पाली प्रतिभा पुरस्कार**द्वारा सर्जकहरूलाई सम्मानित एवं पुरस्कृत गर्दै आएको छ। यस साहित्य समाजले साहित्यिक संगालो जागरणमार्फत पाल्पाका साहित्यिक गतिविधिहरूलाई उजागर गरिसकेको छ। पुष्कर अथक रेग्मीद्वारा लिखित कृति **अग्रदूत** (२०७०) द्वारा आदिकवि छविलाल नेपाल र **अमृताञ्जली** (२०७२) द्वारा पन्ध्रजना अग्रज अमर पाल्पाली स्रष्टाहरूको जीवनी लिपिबद्ध गरी सार्वजनिक गरिसकेको छ। पाल्पा साहित्य समाजद्वारा साहित्यको व्यापकीकरण गर्ने र पुस्तक प्रकाशन गर्ने क्रम जारी नै रहेको छ। नेपाली वाङ्मयमा पाल्पाको साहित्यिक योगदानलाई लिपिबद्ध गर्ने प्रयासमा हामी जुटिरहेका छौं।

प्रा.डा. वेणीमाधव ढकालज्यूद्वारा रचित **अमरसिंहथापाचरितम्** खण्डकाव्य नेपाली संस्कृतिको मुहान संस्कृत भाषामा नेपाली अनुवादसहित प्रकाशित हुँदा यस काव्यले राष्ट्र र राष्ट्रियताप्रति गौरव गर्ने, नेपाली तथा संस्कृत वाङ्मय एवं इतिहासमा चासो राख्ने र पाल्पाली, गोर्खाली एवं नेपालीको वीरगाथामा रुचि राख्ने सबै पाठकलाई राष्ट्रनिर्माणको उषाकालका धार्मिक, सांस्कृतिक एवं वीरचर्याका गतिविधिहरूबाट परिचित गराउँदै वीररसको तीव्र आनन्दबोध समेत गराउनेछ भन्ने हामीले विश्वास लिएका छौं।

शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि, कालीगण्डकीले सुशोभित पवित्र तीर्थस्थल रुरुक्षेत्र धाम निकट पाल्पा जिल्ला, रिब्दीकोट ग्रामपालिकाअन्तर्गत पोरकनीमा जन्म भई चार दशकदेखि नेपाली, संस्कृत र हिन्दी साहित्यको सृजना, सम्पादन, अनुवाद, समीक्षा, टीकालेखनका साथै प्राध्यापन क्षेत्रमा संलग्न रहनुभई खण्डकाव्य **शैलेश** (२०३०), शोककाव्य **अर्जुन** (२०५६), **दिव्यलक्ष्मी स्मृति काव्य** (२०६५), महाकाव्य **रश्मिप्रभास** (२०६९), संस्कृत एवं नेपाली लक्षणग्रन्थ **काव्यदीपिका** (२०५८), नेपाली टीकासहित **गणेश पुराण** (२०६६), **निर्णयसिन्धु** (२०६८), **विवाह पद्धति** (२०६९), **श्रीकार्तवीर्योदयमकरन्द** (२०६९), हिन्दूहरूको सर्वोत्तम दैनिक आचारसंहिता **आह्निकसूत्रावलि** (२०७२) लगायतका ग्रन्थहरू प्रकाशित गरिसक्नुभएका लब्धप्रतिष्ठ विद्वान्, साहित्यकार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रा.डा. वेणीमाधव ढकालज्यूको प्रस्तुत कृति **अमरसिंहथापाचरितम्** (नेपाली भाषानुवादसहित) पाल्पा साहित्य समाजले प्रकाशन गर्न पाएकोमा यो प्रकाशन र त्यसमा संलग्न हामी सबै गौरवान्वित भएका छौं। यस महनीय कार्यका लागि लेखकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समेत यस्तै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा उपयोगी, सर्वोत्कृष्ट र कालजयी ग्रन्थहरू प्रकाशित हुँदै जाऊन् भनी भगवान् हृषीकेशसँग प्रार्थना गर्दछु। अन्तमा टङ्कण एवं मुद्रणमा सघाउ पुऱ्याउने सबैप्रति साधुवाद व्यक्त गर्दै यस काव्यका लेखक ढकालज्यूको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

राजेन्द्रगोपाल सिंह
अध्यक्ष
पाल्पा साहित्य समाज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनम्र निवेदन

राष्ट्र, राष्ट्रियता, धर्म र संस्कृतिका लागि जीवन उत्सर्ग गर्ने हुतात्मा अर्थात् सहिदहरूको जीवनी र योगदानको विषयमा केही लेख्ने विचार वि.सं. २०५० मा मेरो मानसपटलमा उदाएको थियो। नेपाली संस्कृतिको प्राणत!व संस्कृत भाषामा काव्यात्मक शैलीमा हाम्रा सहिदहरूको जीवनी लेखियो भने ती सधैँका लागि अमर रहनेछन् भन्ने विचार अनुसार मेरो यस काव्यको रचनामा प्रवृत्ति भएको हो।

सुगौली सन्धि गर्न हुँदैन, राष्ट्रघात हुन्छ र नेपालका वीर वीराङ्गनाहरूले रगतको खोलो बगाएर आर्जेको विशाल राष्ट्र खण्डित हुन्छ भन्ने चाहना बडाकाजी अमरसिंह थापाको थियो। तर राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिवश यहाँका शासकहरूले सुगौली सन्धि गरेरै छाडे। पश्चिमतर्फको युद्धमा खटिएका अमरसिंह थापालाई त्यो सन्धि पटक्कै मन परेन। उनलाई घर, परिवार, आफन्त, नातागोताभन्दा पनि जन्मदिने धर्ती प्यारो थियो। त्यो चोइटिएको चोट उनले खप्न सकेनन्। आखिर उनी गोसाइँकुण्डमा पुगेर जीवन उत्सर्ग गर्न विवश भए। उनको यो गाथा मलाई साह्रै मन पऱ्यो र मैले यो काव्य रचना गरेको हुँ। मलाई नेपालका अरु सहिदहरूको विषयमा पनि यसैगरी नै काव्यरचना गर्ने मन थियो तर विश्वविद्यालयका विभिन्न प्राज्ञिक गतिविधिमा संलग्न हुँदा र आफूले पनि विभिन्न विधामा कलम चलाइरहेको हुँदा ती सबै कार्य छाडेर सहिद काव्यको रचना गर्न सम्भव भएन र अहिलेसम्म पनि हुन सकेको छैन।

अमरसिंहथापाचरितम् खण्डकाव्यको रचना सँगसँगै मैले आम जनताको बोधका लागि यस काव्यको नेपाली भाषामा अनुवाद पनि गरेको थिएँ। अहिले पाल्पा साहित्य समाजका अध्यक्ष श्री राजेन्द्र गोपाल सिंहज्यू एवं सचिव श्री पुष्कर अथक रेग्मीज्यूले पाल्पा साहित्य समाजको प्रकाशनका रूपमा यसलाई प्रकाशित गर्ने इच्छा प्रकट गर्नुभएको हुँदा उक्त समाजको माध्यमबाट आफ् नो जन्मभूमि पाल्पाबाटै बडाकाजीको यो अमरगाथा प्रकाशित गर्न पाउँदा मलाई आनन्दको अनुभूति भएको छ। राष्ट्रका सपूतहरूको विषयमा कलम चलाउन पाउनु पनि मेरो ठूलो सौभाग्य हो भन्ने मैले ठानेको छु। यस काव्यलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशित गर्ने अभिभारा स्वीकार गरेकोमा पाल्पा साहित्य समाज र त्यसका पदाधिकारीज्यूहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। यस काव्यको सम्पादन गर्नुहुने वरिष्ठ साहित्यकार एवं नेपाली तथा संस्कृत साहित्यका विशिष्ट विद्वान् प्रा.डा. नारायणप्रसाद खनालज्यूले आफ्नो गहन समीक्षात्मक मन्तव्य दिनुभएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु। यसैगरी यस काव्यको सम्पादनको क्रममा सहयोग गर्नुहुने सहप्रा. डा. जीवन अधिकारीलाई हार्दिक साधुवाद अर्पण गर्दछु। यसको टङ्कणमा सहयोग गर्नुहुने कालिका कम्प्यूटर, नारायणगढका पौडेल बन्धुहरू र ने.सं.वि. परीक्षा नियन्त्रण कार्यालयका कम्प्यूटर अपरेटर श्री दर्शन गौतमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अन्तमा सबै ज्ञाताज्ञात सहयोगीहरू र शुभाकाङ्क्षीहरूप्रति हार्दिक साधुवाद प्रकट गर्दै भगवती भारतीको सेवामा हामी सबैको तत्परता रहोस्, जीवन शुक्लकर्मद्वारा व्यतीत होस्, नेपाली संस्कृतिको प्राणत!व संस्कृत भाषाको संरक्षण एवं संवर्धनमा सबैको दृष्टि पुगोस् र हामी सबैको जीवन यस्तै सत्कर्ममा बितोस् भन्ने चाहनाका साथ यो काव्य पाठकहरूसमक्ष प्रस्तुत गर्दैछु। अहिलेलाई यत्ति।

वेणीमाधव ढकाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरसिंह थापा खण्डकाव्यमाथि सङ्क्षिप्त दृष्टिपात

परिचय र पृष्ठभूमि

सकल आर्य वाङ्मय वा आधुनिक आर्य भाषाहरूको जननीका रूपमा रहेको संस्कृत भाषा विश्वका समग्र भाषाहरूलाई आश्रय दिन सक्ने क्षमता राख्दछ। यसको प्राचीनता मध्यकालिक-आधुनिक अवस्था, यसको ग्रन्थराशि, अध्ययन-अनुसन्धान र हस्तलिखित वाङ्मय आदिको दृष्टिले हेर्ने हो भने संस्कृत संसारका अत्यन्त आदरणीय अभिभावकीय भूमिकामा रहेका भाषाहरूमध्ये अग्रणी स्थानमा रहने लायक छ- रहेकै छ। शास्त्र, काव्य र शास्त्रकाव्य अनि काव्यशास्त्रका रूपमा प्रख्यात संस्कृत वाङ्मयको वर्तमान प्रचलित रूपलाई लौकिक संस्कृत संज्ञा दिइएको छ, यसको पूर्व रूपलाई वैदिक संस्कृतको दर्जा प्राप्त छ।

काव्यशास्त्रलाई संस्कृत वाङ्मयमा **साहित्यशास्त्र** भनिन्छ यद्यपि यसका **क्रियाकल्प, अलङ्कारशास्त्र** आदि अनेक रूप-अवस्था कालक्रममा नभएका होइनन्। प्रारम्भमा स्वतन्त्र शास्त्रका रूपमा नाट्यशास्त्रलाई अवलोकन गरिए पनि आचार्य भरतपश्चात् यसले साहित्यशास्त्रमा प्रवेश पाइसकेको छ यद्यपि श्रव्य-दृश्यका दुई भेदमध्ये एक भएर होओस् अथवा साहित्यमा आधुनिक चार विधामध्ये एक भएर होओस्। वस्तुतः कविता-काव्य जस्तै नाटक पनि साहित्यको एक विधा हो र यस्तै अन्य दुई विधा हुन् आख्यान (कथा र उपन्यास) अनि निबन्ध।

संसारकै जेठो विधा कविता हो र यसको पहिलो वैदिक आवाज 'अग्नीमीडे पुरोहितम्——' (ऋग्वेदको पहलो मन्त्र) अवगत भएकै कुरो हो। वाल्मीकिलाई आदिकविको उच्च आसनमा बसाउने लौकिक कविता **'मा निषाद प्रतिष्ठां त्वमगमः शास्वतीः समाः । यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ।'** हो आदिकवि वाल्मीकिले चौबिसहजार श्लोक भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महामहाकाव्य रचना गरे, नाम रह्यो– **वाल्मीकि रामायण** अनि उपादिकविले एकलाख श्लोक भएको **महाभारत** महामहाकाव्य रचना गरे। यिनै **रामायण–महाभारत**लाई उपजीव्य बनाएर काव्य–महाकाव्य रचना गर्नेहरू अहिलेसम्म साहित्य साधनारत छन् यद्यपि परिकल्पित वा उत्पाद्य कथावस्तु पनि काव्यको वर्णनीय विषय बन्न नसक्ने होइन। अझ यी दुई प्रक्रियाभन्दा बेग्लै अर्को एउटा कथावस्तुलाई नाटककार उपन्यासकार र कविहरूले अवलम्बन गरेको पाइन्छ ऐतिहासिक कथावस्तु। प्रस्तुत **वीरवर अमरसिंहथापाचरितम्** खण्डकाव्य ऐतिहासिक वस्तुमा आधारित यथार्थ वर्णनपरक रचना हो। संस्कृत वाङ्मय, विशेषतः संस्कृत साहित्यशास्त्रको अध्ययन–अनुसन्धान र प्राध्यापन–शिक्षण एवं सृजनामा समर्पित व्यक्तित्व प्राध्यापक डा. वेणीमाधव ढकाल (२००६) यस खण्डकाव्यका रचनाकार र संस्कृत वाङ्मयभित्र रहेका अनेकौँ सृजनाविधाका स्रष्टा भएको हुनाले कविता–काव्यको सन्दर्भ होस् वा नाटक लेखनको कुरा होस् अथवा महाकाव्य सृजनाको कुरा होस् या शोध–गवेषणा र अनुवाद–व्याख्यान–टीकालेखनको सन्दर्भ होओस्, आफ्नो प्रतिभाको चहकिलो प्रकाश हरेक क्षेत्रमा पुऱ्याउन सक्षम व्यक्तित्वबाट सृजना गरिएका अनेकौँ काव्यरत्न संस्कृत–नेपाली र हिन्दी भाषामा तयार गरिएका छन्। अप्रकाशित **टुहुरो** (महाकाव्य), **ऐना** (महाकाव्य), **बाला** (महाकाव्य), **सौता** (खण्डकाव्य), **कुलो** (खण्डकाव्य), **चेतरामचरितम्** (खण्डकाव्य), **त्रिशूल** (खण्डकाव्य), **जानकी** (खण्डकाव्य), **उपराग** (खण्डकाव्य), **मार्गभ्रष्ट** (खण्डकाव्य), **अनन्तानन्दचरितम्** (खण्डकाव्य), **दक्षिणा** (उपन्यास), **पद्मिनी** (उपन्यास), **मनस्विनी** (उपन्यास), **अतृप्ति** (नाटक), **अन्तरात्माको आवाज** (नाटक), **माटाको पुकार** (नाटक) जस्ता नेपाली र संस्कृत भाषामा जोडतोडका साथ लेखिएका, कुनै पूर्ण – कुनै अपूर्ण र अधिकांश हाल अप्राप्त तथा प्राप्त भएपनि नष्ट–भ्रष्ट अवस्थामा रहेका यी सत्रवटा ग्रन्थलाई छोड्ने हो भने पनि प्रा.डा. ढकालका प्रकाशित यी सृजनात्मक कृति अत्यधिक चर्चा–परिचर्चा र अध्ययन–अनुसन्धानको विषय बनिसकेका छन्:

१. **शैलेश** (खण्डकाव्य) २०३१
२. **जय ज्योतिष्मती मुमा** ! (नव्यकाव्य) २०३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. **अर्जुन** (शोककाव्य) २०५६
४. **दिव्यलक्ष्मी स्मृतिकाव्य** (शोककाव्य) २०६५
५. **रश्मिप्रभास** (महाकाव्य) २०६८
६. **पृथूदयमहाकाव्यम्** (तृतीय सर्ग मात्र) २०५५
७. **त्रिशूलप्रहारः** (रूपकम्) २०५६
८. **त्रिशक्ति** (खण्डकाव्यम्) २०७३
९. **त्रिशक्ति माता का जीवन चरित्र** (हिन्दी) २०४९
१०. **स्वर्गद्वारी के महाप्रभु** (जीवन चरित – हिन्दी) २०७१
११. **लीलाशान्ति सन्देश** (जीवन चरित्र – हिन्दी) २०७०

यसैगरी संस्कृत वाङ्मयका यी अनूदित कृति विशेष चर्चित रहेका छन् :

१. **धर्मविज्ञान** (१–४ खण्ड) सह–अनुवाद – २०४३–२०४७
२. **ब्रह्मसूत्रशाङ्करभाष्यसमन्वयाध्यायः**(आंशिकानुवाद)– २०५५
३. **गणेशपुराण** (विस्तृत भूमिकासहित) – २०६६
४. **विवाह पद्धति** (नेपाली भाषानुवाद) – २०६९
५. **निर्णयसिन्धु**(विस्तृत प्रस्तावनासहित नेपाली अनुवाद)–२०७१
६. **आनिकसूत्रावलि** (चूडामणि नेपाली नेपाली टीका) – २०७२
७. **श्रीमद्देवीभागवत महापुराण** (१–२ खण्ड नेपाली अनुवाद)–२०७३
८. **हिमवत्खण्ड** (नेपाली अनुवाद) – प्रेसमा
९. **शिवमहापुराण** (नेपाली अनुवाद) – प्रेसमा

टीका ग्रन्थको रूपमा **काव्यदीपिका** (२०५७/०६७), **हरिकेलिनवनीतम्** (२०५५), **कार्तवीर्योदयमकरन्दः** (२०६९) रहेका छन् भने पत्रपत्रिका र ग्रन्थहरू समेत जम्मा २५ कृति प्रा.डा. ढकालद्वारा सम्पादित गरिएका छन् । आधा शतक छात्रछात्रालाई शोधनिर्देशन गरेका प्रा डा. ढकालबाट लिच्छविकालिक अभिलेखमा साहित्यिक सौन्दर्य सम्बद्ध विद्यावारिधि शोधपत्र (२०५६) प्रकाशित छ भने मल्लकालिक नाटकबारेको शोधपत्र (२०४०) अप्रकाशित नै छ तर **पुराणमा नारी** शीर्षकको शोधपत्र अङ्ग्रेजीमा अनूदित भई आंशिक प्रकाशित (सन् २००६) भएको छ । यसै गरी अर्धशतकप्रायः कार्यपत्र, दुईसयबढी लेखरचना, आधाशतक भूमिका, त्यत्तिकै मन्तव्य, प्रत्येक कृतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'आत्मकथन' समेत प्रकाशित गरिसकेका प्रा.डा. ढकालमा सृजना, अन्वेषण र व्याख्यानको अजस्र उत्स विद्यमान रहेको पाइन्छ। कार्यक्षेत्रमा उत्रेर रचिएका काव्य-कृति र गरेका कार्यहरूको यथोचित मूल्याङ्कन गर्दै अनेकौं संस्थाबाट प्रदत्त पदक-तक्मा, सम्मान-पुरस्कार, अभिनन्दन, कदरपत्रहरूको सङ्ख्या झन्डै तिस पुगिसकेको छ, जसमा **जयतु संस्कृतम्** संस्थाद्वारा हाल प्रदत्त **संस्कृत विद्याशिरोमणि** उपाधि सर्वश्रेष्ठ रहेको मान्न सकिन्छ। प्रा.डा. ढकालको व्यक्तित्व कृतित्व र जीवनीमा आधारित अनेक महाविद्यालय, विश्वविद्यालयहरूबाट र स्वतन्त्र रूपमा पनि शोधपत्रहरू लेखिएका छन्, तीमध्ये प्रकाशनाधीन करिब ७०० पृष्ठको **प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल** शीर्षकको शोधग्रन्थ प्रा.डा. नारायणप्रसाद खनालले लेखेका छन् र बहुविध दृष्टिकोणबाट प्रा.डा. ढकालका वैदुष्यको प्रतिपादन गरेका छन्।

प्रकृत सन्दर्भतिर फर्कनु पर्दा सर्वप्रथम काव्यैकदेश खण्डकाव्यमा विचरण गर्नु जरुरी हुन्छ। नाट्यैकचक्षुष्क आचार्य भरतले नाट्यप्रयोजन, नाट्यलक्षण, नाट्यप्रवृत्ति, नाट्यालङ्कार, नाट्याभिनय र नाट्यरसको चर्चा गरेका छन्, जो पछिल्ला काव्यशास्त्रीहरूले काव्यैकचक्षुष्क भई विवेचना गर्दै अझ परिष्कृत काव्यलक्षण आदि प्रस्तुत गर्दै गएर काव्यशास्त्रलाई अलङ्कारशास्त्रको संज्ञा दिएर रसवादका विरुद्ध अलङ्कारवादको स्थापना गरेका छन्। काव्यलक्षणकार भामह, दण्डी, वामन, उद्भट पछि रुद्रट नै त्यस्ता आचार्य हुन्, जसले काव्यलाई 'लघु' र 'बृहत्' को विभाजन रेखाभित्र हेर्ने कोसिस गरेका छन्। त्यसका बीचमा आचार्य विश्वनाथले खण्डकाव्यलाई महाकाव्यको एकदेशीय सृजनाका रूपमा स्थापित गरेका छन्- 'खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च।' उदाहरणका रूपमा कालिदासको **मेघदूत-ऋतुसंहार** जस्ता विश्वप्रसिद्धहरू ग्रन्थ अघि सारिए। कवि-लेखकका स्वतन्त्र सृजना-कलाका रङ्गहरूले अनेक थरी खण्डकाव्य देखा पार्न थाले। कुनै सर्गमा आबद्ध छन् कुनै पूर्वोत्तर भागमा विभाजित छन्। कुनै विनाकुनै विभाजन खण्डकाव्य कहलाएका छन्। कसैले नव्यकाव्य-कोषकाव्य संज्ञा दिएका छन् भने शोककाव्य-स्मृति काव्यका रूपमा अनेक खण्डकाव्य आएका छन्। लहरी, शतक, स्तव, स्तुति, चरित, प्रशस्ति, महिमा, वर्णन, वृत्त, मञ्जरी, गौरव, वन्दना, अमृत, वैभव, हार, वाटिका, सङ्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रह प्रभृति पदसँग समास गरिएका नामावलीयुक्त संस्कृत खण्डकाव्य वा तत्समकक्षी काव्य रचना नेपालमा भएका छन्, तिनलाई सर्सती हेर्दा यो आकार प्राप्त भएको छ–

ललितावल्लभको **भक्तविजयकाव्य** र **पृथ्वीन्द्रवर्णोदयकाव्य**, गोकुलानन्द शर्माको **रणबहादुरशाहाशीर्वादावली**, म.म. राघव शर्माको **श्री ५ रणबहादुरशाहविरुदावली**, अग्निधरको **गोरक्षविजयतिलकम्**, दैवज्ञकेशरीको **कुलचन्द्रिका**, रघुनन्दन उपाध्यायको **वीरराजप्रकाशिका**, रामभद्रको **प्रशस्तिरत्नम्**, लक्ष्मण कविको **कवितानिकषोपल**, वाणीविलास कविको **प्रशस्तिरत्नावली**, लम्बकर्ण भट्टको **यशः प्रकाशकाव्यम्**, गौरीदत्तको श्री ५ राजेन्द्रयशोवर्णनम्–श्री ५ राजेन्द्रशाहवर्णनम्, सुन्दरानन्द बाणाको **त्रिरत्नसौन्दर्यगाथा** र **बहादुरशाहवर्णनम्**, शिव शर्मा सूरिको **रामचिन्तालहरी – रामायणार्थप्रकाश – कृष्णमहिमा – गोविन्दगुणानन्द – वासुदेवरसानन्द**, रामचन्द्र जोशीको **पशुपतिस्तव – गुह्यकालीस्तव – स्वस्थानीस्तव**, डिल्लीशमशेर वर्माको **यूरोपयात्रावृत्तम्**, वाणीविलास पाण्डेयको **प्रशस्तिरत्नावली** जस्ता खण्डकाव्य वा तत्प्रकृतिका प्रकाशित–अप्रकाशित कृतिरत्न हुन्, जो संस्कृतनाटक, चम्पू र अन्यान्य शास्त्रीय संस्कृत ग्रन्थहरूका साथ प्रस्तुत भएका छन् । यी ग्रन्थहरू मल्लकालपछि शाहकालका मध्यभागतिर रचिएका हुन् तर **वैदिक काल**, **रामायणकाल**, **किरातकाल** र **लिच्छविकाल** तथा **मल्लकाल**मा पनि संस्कृतकाव्य–खण्डकाव्य रचिएका छन् । मानदेवको **चङ्गुनारायण शिलालेख** र अनुपरम कविको द्वैपायनस्तोत्रम् **शिलालेख** तथा जयदेव द्वितीय एवं बुद्धकीर्तिका **पशुपतिशिलालेख** खण्डकाव्यमय रहेका छन् ।

मल्लकाल नाटक लेखनका लागि अत्यधिक प्रसिद्ध भए तापनि लुन्तभद्रको **विदग्धमुखमण्डनकाव्यम्**, जगज्ज्योतिर्मल्लको **स्त्रोत्रसारसङ्ग्रहः–श्लोकसारसङ्ग्रहः**, जगत्प्रकाश मल्लको **पद्यसमुच्चयः–नारायणस्तुतिः**, लालमतीको **आदर्शपुस्तककाव्यम्**, भूपतीन्द्रमल्लको **गीतमाला**, भानुदत्तको **रसतरङ्गिणी–रसमञ्जरी**, कवि गणेशको **रामचरित्रकाव्यम्**, प्रताप मल्लका **सर्वापराधक्षमास्त्रोत्रम्** आदि काव्य–खण्डकाव्य रचिएका छन् । यसै कालमा नेपालका प्रथम संस्कृत महाकवि वंशमणि शर्मा झाद्वारा रचित प्रथम संस्कृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाकाव्य **हरिकेलि महाकाव्यम्** (वि.सं. १६७०) रचिएको छ र यसको सम्पादन यसै खण्डकाव्यका स्रष्टा प्रा.डा. वेणीमाधव ढकालद्वारा र प्रकाशन म.सं.वि. ले गरेको छ।

यसै गरी संस्कृत नाटककार छविलाल सूरिले **मुकुन्दचरितम्**- **विरक्ततरङ्गिणीशतकम्**, कुलचन्द्र गौतमले **हरिवरिवस्या - भागवतमञ्जरी - रामायणवन्दना - भागवतवन्दना - कृष्णकर्णाभरणम् - गङ्गागौरवम् - प्रपञ्चचर्चा - प्रेमपञ्चपञ्चासिका - आदर्शदम्पती सीतारामौ - शोकमहोर्मीः** लेखेका छन् भने दधिराम मरासिनीको **श्रीरामचरितामृतम्, श्रीकृष्णचरितामृतम्-स्तवमाला**, हेमराज पाण्डेयको **अमरभारतीमहिमकाव्यम्,** सोमनाथ सिग्द्यालको **आदर्शराघवपुण्पाञ्जलीः- सूक्तिविवेकशतकम्,** उमानाथ पन्थीको **गण्डकीगौरवम्,** माधवप्रसाद देवकोटाको **भारतीवैभवम् - अश्रुनिर्झरः - गणेशगौरवम् - जीवनदानम्,** मीनप्रसाद नेपालको **सुरसरस्वती - गीतिसञ्चायिका,** मित्रलाल कोइरालाको **कृत्यवाटिका,** बुद्धिसागर पराजुलीको **साम्राज्यलहरी,** योगी नरहरिनाथको **शान्तिचरितम्,** जीवनाथ झाको **महेन्द्रप्रतापोदयम्,** गुणराज खनालको **रुक्मिणीपरिणयः,** हेमन्त भट्टराईको **उग्रतारास्तवः - गान्धी गीता,** लोकनाथ ढकालको **पद्मप्रसाद भट्टराईको श्रद्धाञ्जली - जीवनचरितम्,** सोमनाथ घिमिरे 'व्यास'को **श्रीकान्तजीवनचरितम्,** कृष्णप्रसाद लम्सालको **दक्षिणाविभूतिस्तवराजः,** धनशमशेर वर्माको **पराविभूतिस्त्रोत्रम् - योगानन्दलहरी - श्रीस्तोत्रमञ्जरी - परामहिमस्तोत्रम् - पराङ्गस्तवराजः,** कृष्णप्रसाद घिमिरेको **श्रीराममिलापः - मनोयानम् - सम्पातिसन्देशः - सत्संस्तुतिः - कुसुमाञ्जलिः,** पूर्णप्रसाद ब्राम्हणको **राजतन्त्रं सदा जीव्यात्- विश्वेदेवाः,** भरतराज मन्थलीयको **शैलबालाकाव्यम् - कृष्णाभिसर्पणकाव्यम् - मोतिवृत्तम्,** हरिशरण उपाध्यायको **शब्दब्रह्मशतकम्,** पुण्यप्रसाद रेग्मीको **श्रीभगवत्समर्चा,** गणेशप्रसाद अर्यालको **रामभक्तमाला-मन, कामनास्तोत्रम् - कृष्णगण्डकीस्तोत्रम् - गोरक्षकालिकास्तोत्रम्,** रोहिणीवल्लभ पोखरेलको **अभिनवमेघदूतम्-मिथिलासौरभम् - विनतिपुष्पाञ्जलिः,** टीकाराम पन्थीको **रुरुवृत्तम्-अश्रूपहारः - नेनेपालः - सुधर्मा - बुद्धस्मरणम्-मङ्गलग्रहः,** मुकुन्दशरण उपाध्यायको **निम्बार्कचरितम् - शरणागतिशतकम् - शैलसरित्,**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेषराज सापकोटाको **सूक्तिशतकम्**, गोपाल वैद्य 'किञ्जल्क'को **हिमाद्रिमहिमा**, धनञ्जय मरासिनीको **हरिहरप्रार्थनापुष्पाञ्जलिः - स्तुतिकुसुमाञ्जलिः**, विष्णुराज आत्रेयको **श्रीशङ्कराचार्यः**, ठाकुरप्रसाद आचार्यको **शिवलहरी**, टीकाराम अधिकारीको **चन्द्रप्रभागोविन्दचरितामृतम्**, नवराज पाण्डेय 'चातक'को **परमानन्दचरितम्**, प्रभृति खण्डकाव्य वा तत्सदृश कृतिहरू देववाणीमा रचिएका पाइन्छन् । यिनै कवि-स्रष्टा र यिनकै खण्डकाव्यग्रन्थहरूका पङ्क्तिमा प्रकाशित कालका दृष्टिले अत्यन्त कनिष्ठतम र भाषा-शैली आदि दृष्टिले वरिष्ठतम कृति **वीरवरामरसिंहथापाचरितम् खण्डकाव्यम् नेपाली भाषानुवादसहितम्** स्वतन्त्र ग्रन्थका रूपमा प्रकाशित हुन लागेको छ भने यसको प्रथमतः समावेश **प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल** कृतिका परिशिष्ट 'एक' मा अप्रकाशित कृतिहरूमध्ये एक-दुई नमुनाका सकल स्वरूप प्रस्तुत गर्ने क्रममा भइसकेको छ।

अमरसिंह थापाः ऐतिहासिक परिप्रेक्ष्य

नेपालको इतिहासमा बडाकाजी जर्नेलका रूपमा प्रख्यात वीरवर अमरसिंह (अम्बर सिंह?) थापाले आफ्नो कार्यकालमा नेपालसँग सबै युद्धमा लडेर विजय हासिल गरेका थिए भने नेपाल-अङ्ग्रेज युद्धकाल (सन् १८१४-१८१६) का नेपालको पश्चिमी किल्लाका सर्वोच्च कमाण्डर हुन्। यिनको जन्म बगाले थापा थरका आत्रेय गोत्रीय बाघ भीमसिंह थापा र उमादेवीका पुत्ररत्नको रूपमा वि.सं. १८०८ जनै पूर्णिमाका दिन गोरखा जिल्लाको सिह्रानचोक भन्ने ठाउँमा भएको थियो भने यिनका पिताले पलानचोकको युद्धमा वीरगति प्राप्त गरेपछि यिनलाई उनकै पिताको स्थानमा ससम्मान प्रतिष्ठापन गरिएको थियो। यिनका रणजोरसिंह थापा आदि ५ छोरा यिनी जस्तै पराक्रमी थिए भने रणध्वज थापा मुख्तियार भीमसेन थापाका सहयोगी काजी थिए । राजा रणबहादुर शाहको राज्यकाल (वि.सं. १८३४-१८५५) र गीर्वाण युद्धको राज्यकाल (१८५५-१८७३) मा भीमसेन थापा (शासनकाल सन् १८०६-सन् १८३७) को मुख्तियारीमा राजा पृथ्वीनारायण शाहले प्रारम्भ गरेको एकीकरणको अन्तिम अवस्थामा पाल्पाको सेन राज्यलाई गोरखामा विलय गराउने यिनै अमरसिंह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थापा हुन् । बृटिस भारतसँग भएको तत्कालीन युद्धमा केन्द्रको खिचातानी र अदूरदृष्टिका कारणले नेपालमा बृटिश भारतले एकैचोटि आक्रमण गर्दा नेपाल मोरङ, मकवानपुर, बुटवल, अल्मोडा, कुमाउँ, नाहान, जैथक, मलाउ र देउथलका युद्ध लड्दै अन्तिममा नालापानीको युद्ध लडेको थियो । नेपालले पराजय भोग्नुपर्दा निर्भय, पराक्रमी, युद्धचातुर, इमान्दार सैन्य जनरल अमरसिंह थापालाई गम्भीर आघात पऱ्यो । कुनै पनि स्वाभिमानी राष्ट्रवादीलाई पराजय अप्रिय नै हुन्छ। बेलायती सैन्य कमान्डर जनरल अक्टरलोनीले राजनीतिक यन्त्र प्रयोग गर्दै यिनलाई बहुत ठूलो प्रलोभन र लालचा देखाउँदा उनले अङ्ग्रेजलाई जवाफ दिएका थिए- 'म बाघको बच्चा डमरु हुँ, सिनो खाने कुकुर होइन ।' यसरी उनले आफ्नो राष्ट्र, राष्ट्रिय स्वाभिमानका रूपमा रहेको सार्वभौमिकतालाई बचाउँदै अन्तिम प्रहरसम्म अङ्ग्रेजी फौजसँग लडेको र राष्ट्रप्रति ठुलो बफादारी प्रदर्शन गरेकाले उनी नेपालका राष्ट्रिय विभूतिको सम्मानित श्रेणीमा रहन पुगेका छन् । यिनका सकमक्षी नेपालका राष्ट्रिय विभूतिहरू जनकनन्दिनी सीता, अंशुवर्मा, अरनिको, गौतमबुद्ध, राजर्षि जनक, पृथ्वीनारायण शाह, बलभद्र कुँवर, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतिराम भट्ट, न्यायप्रेमी राजा राम शाह, शङ्खधर साख्वा, राजा त्रिभुवन र पासाङ् लामु सेर्पा रहेका छन् ।

एकीकरणको सन्दर्भमा यिनी जुम्ला, डोटी, डडेलधुरा, कुमाउ-गढवाल, देहरादून, श्रीनगर र काँगडालाई जितेर नेपालमा गाभ्नुका साथै पञ्जावका राजा रणजित सिंहका विरुद्ध जेहाद छेडेका थिए । यिनले नेपाल तिब्बत वा भोट युद्ध लडेर शत्रुलाई धपाई नेपाललाई विजयी बनाएका थिए तर सुरुदेखि नै बृटिस-भारतसँग लड्न हुँदैन भन्दै आएका बलभद्र कुँवर, भक्ति थापासमेत अमरसिंह थापा देशले लड्न पर्ने निर्णय गरेपछि बहादुरीका साथ युद्ध लड्दा लड्दै पनि अङ्ग्रेजसँगै भएको पराजयलाई स्वीकार गर्नु हुन्न र पहिले जितेको नेपालको भूभाग फिर्ता ल्याउनका लागि पुनः युद्ध गर्नुपर्छ - युद्ध जारी राख्नुपर्छ भन्ने मान्यता राख्दै आएका थिए । यिनको मानसिकताका विपरीत सुगौली सन्धि गरेर राष्ट्रको अधिकांश भूभाग गुमाउनु परेको र सानो आकारमा सीमित हुनु परेको पीडा सहन गर्न नसकी उनी गोसाई कुण्ड गएर त्यहीँ उनले वि.सं. १८७३ मा आत्मबलिदानद्वारा आफूले नेपाललाई विजय गराउन नसकेकोमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रायश्चित गरेका थिए । यिनको प्रतिमा डडेलधुरामा राखिएको छ र यिनकै नाउँमा अमरगढी नगरपालिका गठन भएको छ। यिनका नाममा सन् १९७७ मा १९ पैसाको हुलाक टिकट प्रकाशित भएको छ । यिनले बनाएका स्मारकहरू नेपालका विभिन्न स्थानमा प्रख्यात छन् । गोरखा–खैरेनी सडक खण्डलाई **अमरसिंह थापा राजमार्ग** नामकरण गरिएको छ । वस्तुतः यिनी दामोदर पाँडे, भक्ति थापा, उजिरसिंह थापा, रणजङ्ग पाण्डे, कालु पाण्डे, भीमसेन थापा, बलभद्र कुँवर, जयन्त राना, वंशराम गुरुङ, रणजोर थापा, विराज बखती, रामकृष्ण कुँवर इत्यादि वीर नेपालीहरूका श्रेणीमा सर्वोच्च स्थान राख्दथे । प्रस्तुत ऐतिहासिक खण्डकाव्यमा अमरसिंहकी आमाको जन्म तनहुँ जिल्ला र आमाको नाम धर्मदेवी भन्ने रहेको छ भने परम्परागत रुपमा गोर्खाका सिद्दानचोक र उमादेवी रहेका छन् ।

'अमरसिंह थापाचरितम्' खण्डकाव्यका विशेषता

ऐतिहासिक विषयवस्तुमा आधारित यो खण्डकाव्य साहित्यका सिकन्जामा र त्यो पनि कविताका भावधारामा तथा अनुष्टुप छन्द लयबद्ध भै बहेकले यसमा ऐतिहासिक वीरसता बाँकी रहे जस्तो लाग्दैन । ऐतिहासिक काव्य–नाटकबारे बालकृष्ण समद्वारा रचित **अमरसिंह नाटक**को 'भूमिका'मा **अमरसिंह थापाको जीवनी**का लेखक सूर्यविक्रम ज्ञवालीको भनाइ यसप्रकार रहेको छ :

> इतिहासकार ता प्रायः तथ्यका कङ्काल मात्र उभ्याउन समर्थ हुन्छन् । ती कङ्कालमा ठाउँठाउँ पुष्ट मांसपेशी थपी नसानसामा तातो रगत दगुराई तिनलाई हेर्न सक्यो भने ती कङ्काल राम्रा, बलिया तथा जिउँदा मानिस भएर उभिन्छन् ।

अमरसिंहथापाचरितम् पनि यस्तै ऐतिहासिक कङ्कालमा सौन्दर्य भरिएको खण्डकाव्य हो ।

यो संस्कृत भाषामा रचिए पनि वाङ्माधुर्य पर्याप्त मात्रामा रहेको छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसमा पनि रचयिता आफैले अनुवादसमेत प्रस्तुत गरेको हुनाले संस्कृत भाषामा जतिसुकै जटिलता रहे पनि ती सबै अनुवादबाट छर्लङ्ग हुन्छन्। संस्कृत काव्य-साहित्यको परीक्षण-समीक्षण गर्ने यन्त्र भनेको **'वाक्यं रसात्मकं काव्यम्'** भन्ने यौटा पक्ष हो, जसको प्रतिपादन आचार्य विश्वनाथले गरेका हुन्। यसमा आचार्य भरत-अभिनव-गुप्तलगायत उनका अनुयायीहरूका मूल्यमान्यताहरू सबै समाविष्ट हुन्छन्। दोस्रो अलङ्कृत वाक्यार्थ नै काव्य साहित्य हो भन्ने आचार्यहरू भामह, वामन, दण्डी, उद्भट, रुद्रट, वाग्भट, रूप्यक, जयदेव र अप्पयदीक्षितहरूको सिद्धान्तपक्ष हो। तेस्रो आचार्य मम्मटका अनुसार दोषरहित, गुणसहित र अनलङ्कृत शब्दार्थ नै काव्य हो भन्ने सैद्धान्तिक पक्ष हो। चौथो आनन्दवर्धनद्वारा समुत्पादित तथा अभिनवगुप्त, मम्मट, विश्वनाथ आदि आचार्यहरूद्वारा समर्थित त्यस्तो शब्दार्थवान् काव्य ध्वनि हो, जसलाई काव्यको आत्मा भनिन्छ। आचार्य वामनले माधुर्य प्रसादादि गुण विशिष्ट वैदर्भी रीतियुक्त पदावलीलाई काव्य मानेका छन् भने आचार्य कुन्तकले वक्रोक्तिमूलक शब्दार्थलाई नै काव्यसौन्दर्य मानेका छन्, यी दुबै चौथो र पाँचौ मान्यता हुन्। उपर्युक्त सबै काव्य तत्त्व विद्यमान हुनुका साथै औचित्यले परिपूर्ण भएको शब्दावली नै काव्य हो- उचितस्य च यो भावस्तदौचित्यं प्रचक्षते' भन्ने छैटौं मत वा भनाइ आचार्य क्षेमेन्द्रको रहेको छ। पण्डितराज जगन्नाथले सुन्दर अर्थ दिने शब्द नै काव्य हो भनेर सातौँ सिद्धान्त प्रस्तुत गरेका छन् र रस वा ध्वनिलाई विशेष दृष्टिले हेरेका छन्। यस दृष्टिले हेर्दा अलङ्कारभित्र रस ध्वनि, वक्रोक्ति आदि समाविष्ट हुन्छन् भन्ने प्राचीन मान्यता र ध्वनिभित्र अलङ्कार, रस, वस्तु आदि समाविष्ट हुन्छन् भन्ने अर्वाचीन मान्यता रहेका छन्। मूलतः संस्कृत काव्य-नाट्य यिनै दुई पक्षमा आलोचित-विवेचित हुन सक्छन्। प्रस्तुत **अमरसिंहथापाचरितम्** खण्डकाव्यभित्र पनि यिनै कुरा रहेको मान्न सकिन्छ।

यस खण्डकाव्यका विभिन्न पद्यहरूमा आलङ्कारिक सुषमा पर्याप्त मात्रामा देख्न सकिन्छ। जस्तै :

क) शार्दूल इव विक्रान्तो गौराङ्गैरपि संस्तुतः १।२

ख) सार्धं कान्तिपुरेणायं रणे शार्दूल विक्रमः अभिमन्युरिवात्मीयां व्यतानीद्रणचातुरीम् १।२५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग) रणेषु धर्षयन् शत्रून् मर्दयन् मारयन्नपि ननर्त गजयूथेषु विक्रान्त इव केशरी १।३०

घ) समुद्र इव गम्भीर उत्तुङ्गो गिरिराडिव। केवलं युयुधे वीरो वीरधर्म-पुरस्कृतः १।५९

ङ) साम्राज्यवादिना तेन ब्रिटेनेन भयं त्यजन् युयोध समरे घोरं महाकालीव दानवैः १।६२

च) आत्मायमरसिंहस्य दग्धोऽभूच्छोकवृनिना १।६६

छ) गोरक्षशाहवंशस्य सूर्यः, संसार-व्योमनि १।१०

ज) क्षीणसैन्योऽमरो वीरो विवशः सैनिकैः सह। शतरुद्रां समायातः कालो हि वलवत्तमः, १।४५-४६

खण्डकाव्यको भौगोलिक क्षेत्र : स्थान नाम

खण्डकाव्यमा निश्चित भौगोलिक क्षेत्रभित्रका स्थान नाम कुनै एक पटक र कुनै पटक-पटक सन्दर्भ-प्रसङ्गवश आएका छन्। ती क्षेत्रहरू यस्ता छन्, जो अधिकांश-अमर सिंहद्वारा युद्धमा जितिएका छन् अथवा अमरसिंहद्वारा मठ-मन्दिर वा यस्तै परोपकारपरक कार्यहरूको निर्माण सम्पादन गरिएका छन्। हाल नेपाल र भारतमा पर्ने ती क्षेत्र वा स्थानहरूको विवरण यसरी तयार भएको छ :

अमरसिंहगढ (डोटी), अमरगञ्ज (पाल्पा), आङ्गल- बेलायती, उपत्यका (कान्तिपुर-भक्तपुर-ललितपुर), कटलेहर, कनकद ( ), काङ्गडा, कान्तिपुर, किराँतक्षेत्र, केलादीघाट (पाल्पा), कुन्छा (लमजुङ), कूर्माञ्चल (कुमाउँ), कूर्मराज्य (कुमाउँ), केवलपुर (धादिङ) कैलास, गढवाल (उत्तराञ्चल, भारत), गङ्गोत्री (उत्तराञ्चल, भारत), गोरक्ष/गोरखा/गोर्खा, गुयेश्वरी (काठमाडौं), गोसाईकुण्ड (रसुवा), चिसापानी (तनहूँ), जनकपुर, टिस्टा (हाल सिक्किम-दार्जिलिङको प्राकृतिक सीमा बनेको नदी), ठमेल (कान्तिपुर), डुम्रीखर्क, डोटी, तनहूँ/त्रितुङ्ग, धरणी (पृथ्वी), तानसेन (पाल्पा), त्रिदिव (स्वर्ग), धरती (पृथ्वी), धादिङ, नट्याउँ, नेपाल/नयपाल, नेपालाङ्गल, (नेपाल र बृटेन), नैपाल, पन्जाव (भारतको पन्जाब प्रान्त), पलान्चोक (काभ्रेपलान्चोक), पशुपतिनाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(कान्तिपुर), पालपा (पाल्पा), फिक्कल (इलाम), बघाट, बृटेन (बेलायत), ब्रमपुत्र, भलुवाजोर (रामेछाप), भोट्ट (भोट), मकवानपुर, मलाउँकोट, मलहमोरी, मानेचौका (तनहुँ), राजगढ, लमजुङ, शतरुद्रा (सतलज), सुजनपुरा, सिन्धुली, सिन्धुलीगढी, सिह्रान चोक (गोरखा), हिमवत्खण्ड (हिमालय)।

यी कतिपय त्यस्ता स्थाननाम हुन्, जो कुनै बाइसे-चौबिसे राज्यमा पर्थे, जसलाई अमरसिंहको नेतृत्वमा जित हासिल गरिएको थियो भने कुनै विदेशका स्थाननाम छन्, जससँग नेपाल लेडको थियो। अहिले नेपालभित्र नपर्ने र नेपालभित्र पर्ने अथवा बृहत् राष्ट्र नायक र लघु स्थानवाचक नाममा रूपमा यस खण्डकाव्यमा विषयवस्तुको उत्कृष्ट बयानका सन्दर्भमा वस्तुक्रममा आएका हुन्।

यस खण्डकाव्यमा प्रयुक्त उपमा, उत्प्रेक्षा, रूपक, अर्थान्तरन्यास, तुल्पयोगिता आदि सौन्दर्यावाहक अलङ्कारहरूले कविता-वनितालाई सुष्ठुटया अलङ्कृत गरेका छन् र गुणरीतियुक्त पद्यमय तिनै अलङ्कार प्रकृत वीररोचित काव्यका परमोपकारक समेत बनेका छन्, जसबाट वीररसोद्दीयन र परिपाकमा सहयोगीसिद्ध भएका छन्।

प्रस्तुत काव्यको मुख्य रस वीर हो किनकि अमरसिंह एघार वर्षदेखि पचासवर्षको हुँदासम्म युद्धमा नै समर्पित रहे। सैनिक सङ्गठन, किल्ला निर्माण, शस्त्रास्त्रको जोहो, सैन्याभ्यास तथा समसामयिक समाजोपयोगी स्मारकहरूको निर्माणमा सैनिक जवान जनपरिचालन उनका प्रमुख कार्यहरू थिए। यी सबै धार्मिक-आध्यात्मिक र सांस्कृतिक विषयवस्तुसँग सम्बद्ध हुन्थे। खास गरी उनको ख्याति, प्रसिद्धि र राष्ट्रिय विभूतिद्वारा गरिएको सम्मान सबै उनका वीरताकै द्योतक हुन्- 'शार्दूल श्व विक्रान्त' भन्नुको तात्पर्य सिंहझैं गरिने आक्रमणसँग सम्बद्ध छ। यसबाट अमरसिंहको वीरताको अभिव्यक्ति भएको छ। उत्साह स्थायी भाव भएको वीररसयुक्त पद्य-पद्यांश यी रहेका छन् :

क) रणेषु धर्षयन् शत्रून् मर्दयन् मारयन्नपि।
ननर्त गजयूथेषु विक्रान्त इव केशरी, १।३०

ख) सार्धं कान्तिपुरेणायं रणे शार्दूलविक्रमः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिमन्युरिवात्मीयां व्यतानीद्रणचातुरीम्, १।२५

ग) अविश्रान्तेन युद्धेन क्षीणसैन्यबलोऽप्ययम्।
काङ्गडां वशगां कर्तुं नोद्यमं विजहौ क्वचित्, १।४३

घ) उत्साहं वीरसैन्यानां धैर्येण वर्द्धयन्नसौ।
जय हे कालिके ! गोर्खाकालिके ! जय हे वदन, १।६१
साम्राज्यवादिना तेन ब्रिटेनेन भयं त्यजन्।

ङ) स्वायत्तीकृत्य भूखण्डान् शतरुद्रान्तगानपि।
महत्त्वाकाङ्क्षयाऽतृप्तस्तीर्त्वा सद्यस्तरङ्गिणीम् १।३७

च) आच्छाद्य सिंहशौर्येण थापावंशशिरोमणिः।
अमरो वीरसिंहोऽभूदितिहासेऽजरामरः, १।३६

छ) असंख्येतरयुद्धेष्वदर्शयद् वीरतां पराम्।
नेपालावनिविस्तारं कृतवान् वीरपुङ्गवः, १।२८

जस्तो अमरसिंहको जीवन रह्यो, त्यस्तै यस खण्डकाव्यको वस्तु–पल्लवन भएको छ। जीवनका धेरै वर्ष युद्ध गर्दाको अवधि, उनको वीररसप्रधान घटना र कार्यबाट अव्यवहित रहेको छैन भने अङ्ग्रेजसँगको युद्धबाट पराजित हुँदा र अझ उल्टै सन्धि गरेर पहिले आफैले जितेका धेरै भूभाग गुमाउँदाको राष्ट्र–पीडा सहन गर्न नसक्दाको अवस्थालाई अत्यन्त सुन्दर पदावलिहरूद्वारा चित्रण गरिएको छ :

राष्ट्राघातसमुत्पन्नचित्ताघातरुजार्दितः।
विह्वलो व्याकुलः सोऽयं जीवनादपि कातरः १।६७

यो त्यस्तो अवस्था हो, जो एक विजेताले आफ्ना आँखाका सामुन्ने विजित राज्यमाथि शत्रले शासन गरेको देख्न सक्दैन, देख्यो भने उसले वीरताजन्य असह्य पीडा बेहोर्छ र उसले युद्धमा भलै वीरगति प्राप्त नगरोस्, एकान्तस्थलमा गएर राष्ट्रका नाउँमा आत्मबलिदान गर्छ भने त्यो पनि वीररसकै सीमाभित्र पर्छ। अतः **अमरसिंहथापा** खण्डकाव्यमा वीररसकै मात्र पोषण भएको छ, यदि यसमा कहीँ कतै करुणादिरसको झल्को वा छनक पाइन्छ भने पनि त्यो वीरसकै एक झझल्को मात्र हो। यसैले प्रस्तुत काव्यमा आदिदेखि अन्त्यसम्म वीररसकै पक्ष–पोषण भएको देखिन्छ। काव्यमा हेरिने प्रमुख दुई तत्त्व रस र अलङ्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्, जो यस खण्डकाव्यमा मौजुद रहेकाले यसमा साहित्यिक गुणवत्ता पर्याप्त मात्रनामा रहेको छ।

खण्डकाव्यको कथावस्तु

प्रस्तुत ऐतिहासिक खण्डकाव्य **अमरसिंहथापाचरितम्**का **प्रथम संवाद**कै आरम्भमा कविनिबद्ध पात्र शिष्यले कविनिबद्ध गुरुलाई प्रश्न गर्दै नेपालका राष्ट्रिय विभूति अमरसिंह थापाको चरित सुन्न चाहेको बिन्ती गरेपछि जीवनचरित प्रारम्भ भएको छ। वि.सं. १७७८ देखि १८७३ को अवधि हिमवत्खण्डको उत्कर्षदायक कालखण्ड हो। यसै अवधिमा पृथ्वीनारायण जस्ता साक्षात् नारायणका अवतारको जन्म भएकाले नव नेपालको निर्माणका सन्दर्भमा उनको प्रभु, उत्साह आदि शक्तिका बलले राष्ट्र निर्माणमा जुटेका धेरै वीरहरूको बलिदानले बनेको नेपाल पुण्यभूमि, तपोभूमि र वीरभूमिका रूपमा विश्वप्रसिद्ध छ। यसै अवधिमा थापा वंशमा भीमसिंह धनञ्जयका पुत्र र रञ्जाईसिंहका नातिका रूपमा जन्मेका थिए । उनी पृथ्वीनारायण शाहका सेनानायक थिए। उनकी पत्नी धर्मदेवीका गर्भबाट जन्मेका मध्यम पुत्रका रूपमा गण्डकी अञ्चलको तनहूँ जिल्लामा जनैपूर्णिमा वि.सं. १८०८ मा अमरसिंह थापाको जन्म भएको हो। उनका पिताले पलान्चोकको युद्धमा वीरगति पाएपछि उनको र उनका भाइहरूको पालनपोषण र शिक्षादीक्षा पृथ्वीनारायण शाहले प्रदान गरेका थिए भने यिनी एघार वर्षको उमेरमा मकवानपुरको युद्धमा भाग लिएर विजयी बनेका थिए। कान्तिपुर विजय गरेपछि त यिनलाई सरदारकै पदवी दिइएको थियो। त्यसै गरी सिन्धुली, किरातक्षेत्र, ब्रह्मपुत्र नदी किनार जस्ता सयभन्दा बढी युद्ध जित्दै एकीकरणमा पृथ्वीनारायण र तिनका शासक-सन्तानलाई सघाएका थिए। पछि भीमसेन थापाको मुख्य मन्त्रित्वकालमा यिनले पाल्पा प्रभृतिको सेन राज्यहरूलाई जितेर शाहराज्यमा मिलाएका थिए। यस्तै कुमाउ, गढवाल र भोटसम्म युद्ध जित्दै शतलजका किनारसम्मको भूमि अधीनस्थ गरेका थिए। महलमोरी, नटाउँ, कटलेहर, सुजनपुरा, राजगढ, मलाउगढका युद्ध पनि लडेका थिए भने अङ्ग्रेजसँगको युद्धमा उनको वीरता देखेर अत्यन्त ठूलो प्रलोभन उनलाई दिन खोजियो तर त्यसलाई उनले राष्ट्रिय सवालका सामु तुच्छ ठानेर अत्यन्त सुझबुझका साथ रणकौशल प्रदर्शन गर्दै रहे। अन्ततः साम्राज्यवादी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धोपकरण सम्पन्न ब्रिटिससँगको युद्धमा अत्यधिक प्रशंसित हुँदाहुँदै पनि युद्ध जितिएन र सन्धिको प्रस्ताव आयो। उनी त्यसले गर्दा राष्ट्र टुक्रिने भएकाले युद्ध जारी राख्न चाहन्थे तर अन्ततः सन्धि भएपछि स्वाभिमानी राष्ट्रभक्त अमरसिंहले आत्महत्या गरे भन्ने यहींसम्म यो पहिलो संवाद विस्तारित छ। यस काव्यको सबभन्दा लामो संवाद पनि यही नै हो, यसमा अनुष्टुप् छन्दका जम्मा ७५ पद्य सानुवाद समाविष्ट छन्।

द्वितीय संवादमा अमरसिंहको व्यक्तित्वको जानकारी दिएर गुरुबाट शिष्यको जिज्ञासा शान्त गरिएको भए पनि शिष्यबाट कुनै तर्कवितर्कको अवस्था सृजना गरिएको छैन, प्रथम संवादमा झैं एकनासले गुरुबाट प्रश्नको सपाट उत्तर मात्र प्रस्तुत भएको छ। तदनुसार राष्ट्रवादी धर्मात्मा, परमवीर अमरसिंहलाई पृथ्वीनारायण, प्रतापसिंह, रणबहादुर शाह र गीर्वाणयुद्ध जस्ता राजाहरूले क्रमशः सम्मानित गर्दै सेनापति पद प्राप्त भएको र उनले आफ्ना सम्पूर्ण जीवनका पचास वर्ष राष्ट्र सेवामा समर्पित गरेका थिए। उपत्यका लगायत बाइसे-चौबिसे, पूर्व-पश्चिम र भोट जित्ने अमरसिंह देशमा मात्र होइन विदेशमा पनि प्रख्यात सेनापति कहलाएका थिए। धर्मनीति, राजनीति, कूटनीतिमा निपुणता हासिल गर्नुका साथै यिनले राष्ट्रको विभिन्न स्थानमा मन्दिर, पाटी-पौवा, पुल-पुलेसा, धर्मशाला, बाटाघाटा, विजयस्तम्भ, चौतारी र पर्खाल आदि निर्माण गराएका थिए। यिनी **हिमाल रणकेशरी**, **विज्ञ सेनापति**, **त्रिगर्त विजेता**, **बघाटका राजा**, **बुढाकाजी**, **मुहुडाकाजी**, **रणविक्रान्त**, **वीरबल** र **युद्धकेसरी** जस्ता अनेक उपाधिबाट परिचित थिए। यसका साथै उनी कर्मनिष्ट यशस्वी र भगवद् भक्त हनुका साथै नेपालका विभिन्न स्थानमा विभिन्न जनोपयोगी निर्माण कार्य गराएका थिए भने आफ्नो धर्म र संस्कृतिका बारेमा उनी सचेत थिए। सबैलाई यसबारे उत्प्रेरित र मार्गदर्शन समेत गर्दथे। यहीँ सम्म द्वितीय संवाद फैलिएको छ र यो आकारमा मझौला खाले संवाद पनि हो। यसमा अनुष्टुप् छन्दका नेपाली भाषानुवादसहित जम्मा ३२ पद्य रहेका छन्।

पूर्ववत् गुरुशिष्य संवादबाट प्रारम्भ भएको सबभन्दा सानो आकारमा रहेको छ तृतीय संवाद। यसमा जम्मा १५ पद्य अनुष्टुप् र एक अन्तिम पद्य मालिनीमा रचिएका छन्। यो संवाद खास गरी अमरसिंहका अभिव्यक्ति,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावना र उक्ति आदिमा केन्द्रित छ। उनले एकपटक गीर्वाणयुद्ध शाहलाई पत्र लेख्दै भनेका थिए- "अङ्ग्रेजसँग सन्धि गर्नुभन्दा लड्दा लड्दै प्राण त्याग्नु सम्मानजनक हुन्छ। यस राष्ट्रको रक्षा गर्न म एक्लै सक्षम छु। परन्तु शत्रुसँग कुनै हालतमा पनि सन्धि गर्न हुँदैन।" यस्तो सन्धि गरेपछि तत्काल आफ्ना छोरा रणभीमलाई बोलाएर उनले भनेका थिए - 'सबै जीव मर्नका लागि नै जन्मन्छन्, मान्छे पनि मर्नका लागि जन्मेको हो, अतः मेरो कसैका हातबाट मृत्यु हुन नसक्ने भएकाले म स्वयम् आत्महत्या गर्छु। वास्तवमा जीवन स्वप्न हो भने मरण सच्चा अर्थमा जीवन हो।' अमरसिंह थापाले बोलेका यस्ता सदुक्तिहरूले राष्ट्रवाद र राष्ट्रिय संस्कृतिमा ठूलो महत्त्व राख्दछन्। अन्ततः यस खण्डकाव्य-कृतिलाई राष्ट्रका विभूति अमरसिंह थापाप्रति समर्पित गरिएका गहन पुष्पिका वाक्यद्वारा समापन गरिएको छ।

खण्डकाव्यका पात्रहरू

अमरसिंह खण्डकाव्यमा नेपाल र यसका छिमेकी मुलुकहरूका वीर पुरुषहरूका नामहरू तथा प्रतिबिम्ब वा उपमानका रुपमा पनि एक वा अनेकपटक आएका छन्- जो राष्ट्र र राष्ट्रियताका निम्ति आफ्नो प्राणाहुति गरेका छन् वा गर्न तत्पर देखिएका छन्। तिनीहरूको विवरण यसरी टिपिएको छ :

अक्टरलोनी = बृटिस-भारतको शासक- सेनापति, अभिमन्यु = अर्जुनपुत्र, महाभारतको वीर लडाकु-हुतात्मा, अमरसिंह = बाघ भीमसिंहका माहिला छोरा- नेपालका राष्ट्रिय विभूति, यस काव्यका नायक, एकमात्र प्रमुख पात्र, आङ्ल = अङ्ग्रेज, आङ्ग्लसैन्य = अङ्ग्रेजका सेना, पृथ्वीनारायण शाह = नेपाल एकीकरणका प्रारम्भिक अभियन्ता, गीर्वाणयुद्ध (विक्रम शाह) = तात्कालिक नेपालका राजा, गुरु = कविनिबद्धवक्ता-उत्तरदाता, गोरखाभूपति = गोरखाका राजा, रणबहादुर शाह, गौराङ्ग = अङ्ग्रेज, गौराङ्गनाथ = अक्टरलोनी, गौराङ्गशासक = बृटिस भारतका शासक, जनक = जनकपुरका राजा सीरध्वज, जनता = जनताहरू, बाघ भीमसिंह थापा = अमरसिंह थापाका पिता, दानव = राक्षस, ब्रैटिस = बृटेन वा आङ्गल-भारतीय, धनञ्जय थापा = अमरसिंहका पितामह, नर = पुरुष, नारी = महिला, नीलकण्ठ = शिव, प्रतासिंह वा सिंहप्रताप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

= पृथ्वीनारायणका छोरा, भीमसेन थापा = नेपालका काजी प्रधानमन्त्री, मालिका = देवी, रञ्जाइसिंह थापा = अमरसिंहका प्रपितामह – बूढा जिजुबाजे, रणजितसिंह = पञ्जाव नरेश, रणबहादुर शाह = नेपालका राजा, रणभूपाल = नेपालका राजा, विक्रम = विक्रम संवत्, शत्रु = अङ्ग्रेज, शिष्य = कविनिबद्ध प्रश्नकर्ता, संसारचन्द्र = काङ्गडाका राजा, साम्राज्यवादी = अङ्ग्रेज, सीताराम = अयोध्याका राजारानी, हिमजाजानि = शिव, हिमजाभर्ता = शिव।

विश्रान्ति पूर्वकथन

प्रा.डा. वेणीमाधव ढकालद्वारा रचित अठारसर्गीय संस्कृत महाकाव्य **पृथूदयम्**का तीन सर्ग दुई पटकमा प्रकाशित भइसकेका छन् तापनि प्रस्तुत खण्डकाव्य **पृथूदयम्**भन्दा पहिलेको रचना हो किनकि यसको रचना र अनुवाद २०५२ सालमा गरिएको थियो, जो बाइस वर्षपछि प्रकाशित हुँदैछ अर्थात् पृथ्वीनारायण, प्रतापसिंह, रणबहादुर र गीर्वाणयुद्धजस्ता चारवटा राजाका राज्यकालका पराक्रमी वीर सपूत अमरसिंहको चरित शाहराजाका १९औं पुस्ता राजा वीरेन्द्रको शासनकालमा रचियो र अन्तिम राजा ज्ञानेन्द्र राजा हुँदा राजसंस्था भङ्ग भएको दसौं वर्ष तथा गणतन्त्रात्मक कार्यकालमा प्रकाशित हुन लागेको छ। यो पनि एउटा आश्चर्य लाग्दो कुरा मान्न सकिन्छ। खण्डकाव्यका गुणले परिपूर्ण भई तीन खण्डमा संवादप्रधान शैलीमा रचित यस ऐतिहास काव्यभित्र वीरता, अमरता, शूरता आदिले रसाभिव्यञ्जन गरेका छन्। नेपालीहरूद्वारा नेपालमा विरचित संस्कृत खण्डकाव्यको सुदीर्घ परम्परामा प्रा.डा. वेणीमाधव ढकालबाट उत्पाद्य वा काल्पनिक वस्तु होइन पूर्णतया नेपाली इतिहासमा भएको एकीकरण जस्तो महायज्ञमा मात्र होइन, नेपालले लडेका अनेक युद्ध तथा अङ्ग्रेज–नेपाल रण–सङ्ग्राममा समेत बहादुरी साथ लडेका र कुनै हालतमा पनि सन्धि गर्न हुन्न भन्ने राष्ट्रवादी योद्धाका चारित्रिक विशेषतालाई वस्तुचयन गरेर यस कृतिका नायक राष्ट्रिय विभूति अमरसिंह थापाको महिमालाई द्वित्रिगुणित बनाइएको हुँदा **वीरवर अमरसिंहथापाचरितम्**लाई आफ्ना क्षेत्रको अद्वितीय खण्डकाव्य मान्न सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा कविवर, विद्वान्, आदरणीय गुरुवर प्रा.डा. ढकालज्यू संस्कृत काव्यकविता रचनाका सिद्धहस्त व्यक्तित्व एवं संस्कृत काव्यमनीषीसमेत भएकाले प्रस्तुत खण्डकाव्यले नै सकल गुणगौरवको व्याख्यान गर्ने हुँदा धेरै अरु केही नभनीकन गुरुको लेखनीबाट विनिःसृत कविता–काव्य–महाकाव्यहरूका सुवासबाट नेपाली प्रबुद्ध समाज आनन्दित भइरहोस् भन्ने हार्दिक कामनाका साथ प्रस्तुत कृतिका प्रकाशक पाल्पा साहित्य समाज र यसका अध्यक्ष श्री राजेन्द्रगोपाल सिंहलाई धन्यवाद भन्दै विश्राम लिन्छु। जय वाङ्मय !

२०७४ वैशाख, बुद्धजयन्ती
९८४५१५४३५७

विनीत –
प्रा.डा. नारायणप्रसाद खनाल
भ.म.न.पा.–४, लङ्कु,
चितवन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ श्रीवीरवर-

अमरसिंहथापाचरितम्

खण्डकाव्यम्

नेपालीभाषानुवादसहितम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ श्रीवीरवर-

अमरसिंहथापाचरितम्

खण्डकाव्यम्

प्रथमः संवादः

शिष्य उवाच– शिष्यले प्रश्न गरे–

श्रीमानमरसिंहाख्यो नेपालजननीसुतः ।
लोकोत्तरेण शौर्येण वीर्येण च पुरस्कृतः ।।१।।
विभूतिर्नयपालस्य सज्जनैश्च प्रशंसितः ।
शार्दूल इव विक्रान्तो गौराङ्गैरपि संस्तुतः ।।२।।
तदीयं चरितं भव्यं हृदि चैतन्यदायकम् ।
प्रयतः श्रोतुमिच्छामि कृपया वद मां गुरो ।।३।।

लौकिक शूरता र वीरताद्वारा अलङ्कृत, नेपालको इतिहासका विभूति, इतिहासविद्, सज्जनहरूद्वारा प्रशंसित, युद्धभूमिमा सिंहझैं शत्रुमाथि जाइलाग्ने पराक्रमी अङ्ग्रेज–नेपाल युद्धमा अङ्ग्रेजहरूद्वारा तारिफ गरिएका नेपाल आमाका सक्कली छोरा अमरसिंह थापा प्रसिद्ध छन् । हृदयमा चैतन्यको जागरण गराउने अमरसिंह थापाको महान् चरित्र सुन्न म उत्सुक छु र सावधान पनि छु, गुरुदेव ! कृपया मलाई अमरसिंह थापाको पवित्र चरित्र सुनाउनुहोस् ।

गुरुरुवाच– गुरुले उत्तर दिनुभयो –

आसीद् यो भीमसिंहाख्यः थापावंशस्य नायकः ।
धनञ्जयसुतः, पौत्रो रञ्जाइसिंहसुकृतेः ।।४।।
पृथ्वीनारायणेशस्य सेनाया नायको महान् ।
तस्य पुत्रोऽमरो जातस्तनहूँमण्डले शुभे ।।५।।

सत्कर्ममा सदा मन लगाउने रञ्जाइसिंह थापाका नाति धनञ्जय थापाका छोरा र गोर्खाका राजा श्री ५ पृथ्वीनारायण शाहका महान् सेनानायक भीमसिंह थापा प्रसिद्ध थिए । तिनका छोरा अमरसिंह थापा गण्डकी अञ्चल अन्तर्गत पवित्र जनपद तनहूँमा पैदा भएका हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निधिसागरवार्धीनमितवैक्रमवत्सरात् ।
वह्निसागरदिक्पालधरासम्मितवैक्रमम् ।।६।।
यावत् संवत्सरं कालो हिमवत्खण्डगो महान् ।
नेपालवसुधादीप्तिहेतुभूतेतिहासवान् ।।७।।
सुवर्णाक्षरसंयोज्यो विक्रमोत्कर्षगौरवः ।
विजयश्रीकरोद्भूतमाल्यनिःसृतसौरभः ।।८।।

विक्रमसंवत् १७७९ देखि १८७३ विक्रमसंवत्सम्मको हिमवत्खण्डको कालखण्डलाई उत्कर्षदायक महान् कालखण्ड भन्नु पर्दछ । वास्तवमा यो कालखण्ड नेपाल आमाको गौरवलाई चहकिलो तुल्याउने ऐतिहासिक घटनाचक्रहरूले ओतप्रोत रहेको छ । नेपाली योद्धाहरूका पराक्रमको चरम सीमालाई व्यक्त गर्ने ऐतिहासिक गौरव भएको यो कालखण्ड सुनका अक्षरले लेखिनुपर्ने महत्त्वको रहेको छ र हाम्रा युद्धवीर ऐतिहासिक महापुरुषहरूलाई विजयलक्ष्मीले विजयको माला पहिराउँदा मालाबाट चारैतिर छरिएका परागको सुगन्धले सुवासित पनि छ ।

अन्तरालेऽस्य कालस्य पृथ्वीनारायणो महान् ।
विक्रमी विजयी वाग्मी नीतिमान् प्रतिभानवान् ।।९।।
गोरक्षशाहवंशस्य सूर्यः संसारव्योमनि ।
गोरखायां समुत्पन्नः कैलासकूटसद्मनि ।।१०।।

यसै कालखण्डको अन्तरालमा महान् पराक्रमी सर्वत्र बुद्धिबल र बाहुबलद्वारा विजयी भएका बुद्धिमान्, नीतिज्ञ र प्रतिभाशाली संसाराकाशमा उदाएका गाई, विद्वान्–विद्या र धर्तीको रक्षा गर्ने शाहवंशका सूर्य श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहदेव गोरखाको कैलासकूट दरबारमा पैदा भएका थिए ।

पृथ्वीनारायणो जातः साक्षान्नारायणो भुवि ।
शक्तित्रयसमुन्मेषाद् दिद्युतेऽसौ यथा रविः ।।११।।
मृदौ हिमालयाङ्केऽस्मिन् वसन्तो लक्षशो जनाः।
प्रेरितास्तत्प्रभावेण राष्ट्रनिर्माणकर्मणि ।।१२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यभूमेस्तपोभूमेर्वीरभूमेर्जगत्त्रये ।
मातृभूमेश्च सम्मानगौरवाधानवर्त्मनि ।।१३।।
पुण्येषु रणयज्ञेषु जुह्वन्तः स्वं कलेवरम् ।
आत्मानमर्पयाञ्चक्रुः श्रद्धाभक्तिपुरःसरम्।।१४।।

साक्षात् वैकुण्ठाधिपति नारायणले नै पृथ्वीनारायणको रूपमा आफूलाई धर्तीमा अवतरित गराएका हुन् । यी पृथ्वीनारायण आफ्नो शासनकालमा प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्तिको ऊर्जस्वल उन्मेषका कारणबाट गगन–मण्डलमा सूर्य चम्किएझैं पृथिवीमण्डलमा चम्किएका हुन् । हिमालयको वात्सल्यले स्निग्ध कोमल काखमा शान्तिपूर्वक जीवन बिताइरहेका लाखौं लाख वीरहरू पृथ्वीनारायणकै प्रभुशक्तिबाट उत्प्रेरित भएर नयाँ नेपालको निर्माणको बाटोमा अग्रसर भए । साथै ती वीरहरूले स्वर्ग, मर्त्य र पाताललोकमा पुण्यभूमि, तपोभूमि र वीरभूमिका रूपमा विख्यात मातृभूमि नेपालको सम्मान र गौरव बढाउने राजमार्गमा अग्रसर भई पुण्यमय युद्धरूप यज्ञहरूमा श्रद्धा–भक्तिपूर्वक आफ्नो शरीररूपी चरुको आहुति दिँदै आत्मालाई नै अर्पण गरेका थिए ।

तेषु वीरेषु सत्पौत्रो रञ्जाइसिंहवर्मणः ।
बभूव भीमसिंहाख्यो धनञ्जयसुतो महान् ।।१५।।
भीमसिंहो महावीरो व्याघ्रेति प्रथितो भुवि ।
पृथ्वीनारायणेशस्य सैन्यसञ्चालको युधि ।।१६।।
युद्धयन् युद्धेषु नैकेषु हन्त ! वीरगतिं गतः ।
पलाञ्चोकरणे सोऽयं नेपालजननीप्रियः ।।१७।।

ती वीरहरूमध्ये एक रञ्जाइसिंह थापाका नाति धनञ्जय थापाका छोरा र ठूला वीर बाघका नामबाट सुपरिचित भीमसिंह थापा पनि हुन् । पृथ्वीनारायणको सेनाका नायक नेपाल आमाका प्यारा सपूत भीमसिंह कैयन् युद्धहरूमा लडे तर पलाञ्चोकमा भएको युद्धमा शहीद भए ।

तस्यैव मध्यमः पुत्रो भीमसिंहस्य वर्मणः ।
नेपालावनिसौभाग्यसाधकः परवीरहा ।।१८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिक्पालव्योमदिक्पालधरासम्मितवैक्रमे ।
वत्सरे ऋषितर्पण्यां त्रितुङ्गाचलमण्डले ।।१९।।
श्रीमानमरसिंहाख्यो राष्ट्रभूतिरजायत ।
धर्मदेव्याश्च भीमस्य हृदयानन्दवर्धनः ।।२०।।

नेपाल आमाको सौभाग्यको समृद्धिमा समर्पित, शत्रुयोद्धाहरूलाई युद्धका मैदानहरूमा सोत्तर बनाउने अमरसिंह विक्रमसंवत्सर १८०८ मा जनै पूर्णिमाका दिन तनहूँमा जन्मिए । राष्ट्रका विभूति अमरसिंह थापा पलाञ्चोक युद्धमा शहीद हुने भीमसिंह थापाका माहिला छोरा हुन् । यी पैदा हुँदा र त्यसपछि पनि बाबु भीमसिंह र आमा धर्मदेवीका हृदयमा आनन्दका तरङ्गहरू तरङ्गित भएका थिए ।

हुतात्मनां स्ववीराणां सन्ततीनां सुरक्षकः ।
पृथ्वीनारायणो राजा भीमसिंहसुतानपि ।।२१।।
स्वयं रक्षितवान् कृत्वा दीक्षितान् शिक्षितानपि ।
सैन्याभ्यासेषु सम्मेल्य कृतवाँस्तान् प्रशिक्षितान् ।।२२।।
पृथ्वीनारायणेशस्य सान्निध्ये तन्निदर्शने ।
शिक्षितो दीक्षितो ज्ञातकूटनीतिकलोऽमरः ।।२३।।
वयस्येकादशे जातः सहभागी रणाङ्गणे ।
मकवानपुरान्तःस्थे सर्वेषां विस्मयावहः ।।२४।।

लडाइँका मैदानमा शहीद भएका आफ्ना वीर सैनिकहरूका सन्तानको रक्षा गर्ने राजा पृथ्वीनारायणले शहीद भीमसिंहका छोराहरूको पालनपोषण गरे, उनीहरूलाई दीक्षा र शिक्षा दिईकन, सैनिक अभ्यासमा सामेल गराएर प्रशिक्षण दिने काम पनि गरे । राजा पृथ्वीनारायणको सान्निध्यमा उनकै निर्देशनबमोजिम रही शिक्षा, दीक्षा र युद्धसम्बन्धी सम्पूर्ण कूटनीतिक चालबाजीसमेत बुझेका अमरसिंह थापाले आफू जम्मा ११ वर्षको हुँदा मकवानपुरको लडाइँमा सहभागी भएर सबैलाई आश्चर्यचकित तुल्याएका थिए ।

सार्धं कान्तिपुरेणायं रणे शार्दूलविक्रमः ।
अभिमन्युरिवात्मीयां व्यतानीद्रणचातुरीम् ।।२५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिते कान्तिपुरे दत्त्वा सरदारपदं महत् ।
सम्मानं कृतवान् राजा शौर्यवीर्यवशीकृतः ।।२६।।

वि.सं. १८२५ मा भएको गोर्खा र कान्तिपुरको लडाइँमा सिंहझैं शत्रुमाथि झम्टिने वीर बालक अमरसिंह थापाले अर्जुनका किशोर पुत्र अभिमन्युले महाभारतको युद्धविशेषमा चातुरी देखाएझैं आफ्नो युद्धचातुरी देखाएका थिए । त्यस युद्धमा गोर्खाली सेनाले अमरसिंहको शूरता र वीरताको प्रतापले कान्तिपुर दखल गऱ्यो । त्यसपछि प्रसन्न भएका राजा पृथ्वीनारायणले वीर किशोर अमरसिंह थापालाई उनको शूरता र वीरताबाट वशीभूत भएर सरदारको पदवी प्रदान गरी ठूलो सम्मान गरेका थिए ।

सिन्धुलीस्थानसंग्रामे किरातक्षेत्रगे रणे ।
रणे सिह्वानचोकस्य ब्रह्मपुत्रगते रणे ।।२७।।
असंख्येतरयुद्धेष्वदर्शयद् वीरतां पराम् ।
नेपालावनिविस्तारं कृतवान् वीरपुङ्गवः ।।२८।।

कान्तिपुरको युद्धपछि सिन्धुलीगढीको युद्धमा, किरातक्षेत्रमा भए गरेका युद्धहरूमा, ब्रश्चपुत्रनदीको किनारमा भएको युद्धमा र राष्ट्रको एकीकरण र विस्तारका लागि गरिएका असंख्य युद्धहरूमा सेनानायक वीर सरदार अमरसिंह थापाले आफ्नो अनुपम वीरता देखाए । त्यस वीरता प्रदर्शनको क्रममा उनले नेपाली धर्तीको सीमाविस्तार पनि गरे ।

नेपालराष्ट्रविस्तारे हृदयेन समर्पितः ।
शताधिकेषु युद्धेषु विजयश्रीनिषेवितः ।।२९।।
रणेषु धर्षयन् शत्रून् मर्दयन् मारयन्नपि ।
ननर्त गजयूथेषु विक्रान्त इव केशरी ।।३०।।

नेपाल राष्ट्रको एकीकरण र विस्तारमा हृदयदेखि नै समर्पित भएका अमरसिंहले एक सये भन्दा पनि धेरै लडाइँहरूमा विजयश्रीको संवरण गर्ने अवसर पाएका थिए । युद्धहरूमा शत्रुहरूलाई तिरस्कार गर्दै आफ्ना अचूक प्रहारबाट छिया–छिया बनाउँदै र उनीहरूका लाशको रास तयार गर्दै हात्तीका झुण्डको बीचमा वनराज सिंह उन्मुक्त भएर नाचेझैं यी सेनानायक सरदार अमरसिंह थापा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धविजयको उन्मादमा नाच्ने गर्दथे ।

मन्त्रिमुख्यपदं भीमसेनेनाङ्गीकृते पुनः ।
अनेकराष्ट्रखण्डानामेकीकरणकर्मणि ।।३१।।
सत्प्रयासः समारब्धः पालपां तां गतोऽमरः ।
पालपां तद्गतान् तांस्तान् राज्यखण्डान् जयन्नसौ ।।३२।।
कूर्माञ्चलं च भोट्टं च गढवालं सुविक्रमैः ।
गोरखासैनिकैर्जित्वा राष्ट्रसीमां व्यतानयत् ।।३३।।
सूर्यचन्द्राङ्किता गोर्खापताका यमुनानदीम् ।
सीमांविधायपस्पर्शशान्तेः शौर्यस्यशंसिनीम् ।।३४।।
राज्यखण्डान् विजित्यासौ गढवालसमीपगान् ।
तरुद्रां नदीं यावत् प्रतीचीं गोरखाध्वजैः ।।३५।।
आच्छाद्य सिंहशौर्येण थापावंशशिरोमणिः ।
अमरो वीरसिंहोऽभूदितिहासेऽजरामरः ।।३६।।

नेपालको राज्यसञ्चालनको लागि भीमसेन थापा मुख्तियार भएपछि अनेक राज्यहरूको एकीकरण एवं राज्य विस्तार गर्ने प्रयासको पुनः थालनी गरियो । सोही सिलसिलामा खटिएका अमरसिंह पाल्पा पुगे । पाल्पा र पाल्पाका अधीनमा रहेका साना राज्यहरूलाई जितेपछि कुमाउँ पुगेर कुमाउँमा विजय प्राप्त गरे, भोटमा आक्रमण गरी भोटलाई वशमा पारे र सम्पूर्ण गढवाललाई जितेर आफ्नो राष्ट्रको सीमाविस्तार गरे । त्यसबेला शान्ति र शौर्यको प्रतीक सूर्यचन्द्राङ्कित नेपाली झन्डा यमुना नदीलाई सीमा बनाएर फहरायो । त्यसपछि अमरसिंह थापाको सेना गढवालकै आसपासका राज्यलाई आफ्नो झन्डाको अधीन तुल्याउँदै शतरुद्रा नदी (सतलज नदी) का किनारमा पुग्यो । पश्चिममा शतरुद्रा नदीसम्मका भूभागलाई सिंहको जस्तै आक्रमण गर्ने शैलीबाट नेपालको झन्डाले ढाकेपछि वीरसिंह अमरसिंह नेपालको इतिहासका अजर र अमर पुरुष बन्न सफल भएका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वायत्तीकृत्य भूखण्डान् शतरुद्रान्तगानपि ।
महत्त्वाकाङ्क्षयाऽतृप्तस्तीर्त्वा सद्यस्तरङ्गिणीम् ।।३७।।
शतरुद्रां महल्मोरीस्थाने संसारसैनिकैः ।
युयुधे घोरसङ्ग्रामे जित्वा तान् चण्डविक्रमैः ।।३८।।
नटाउँसमरे चापि कटलेहरगे रणे ।
स सुजनपुरायाऽच्च संसारचन्द्रसैनिकान् ।।३९।।
सहसैव पराजित्य शुशुभे सिंहविक्रमः ।
खिन्नः संसारचन्द्रोऽपि काऽडादुर्गमाश्रितः ।।४०।।
श्रीमानमरसिंहोऽसौ सुदृढं काङ्गडागढम् ।
सैन्यैर्जेतुमनास्तस्थे परिवार्य समन्ततः ।।४१।।

शतरुद्रा नदीसम्मका सम्पूर्ण भूभागमा अधिकार जमाएपछि पनि अत्यन्त महत्त्वाकाङ्क्षी युद्धवीर अमरसिंह थापा अघाएनन् । काँगडाराज्यमा गोर्खाली राज्यको झन्डा फहराउने दहरो महत्त्वाकाङ्क्षाले उद्वेलित भएर अमरसिंह काँगडा हान्न आफ्ना सैनिकहरूको साथ शतरुद्रा नदी तरे । नदी पार गरेपछि सर्वप्रथम गोर्खालीसेनाको काँगडाका राजा संसारचन्द्रको सेनासँग 'महलमोरी' मा मुठभेड भयो । त्यहाँ अमरसिंहले घोर सङ्ग्राम गरे । त्यस लडाइँमा काँगडाका सैनिकलाई जितेर अगाडि बढेपछि दोस्रो मुठभेड नटाउँमा भयो । नटाउँ पनि हात लिएपछि अमरसिंह अगाडि बढे र कटलेहरमा फेरि मुठभेड भयो । त्यहाँ पनि विजयश्रीले नेपाली सेनालाई नै वरण गरिन् । त्यसपछि चौथो मुठभेड सुजनपुरामा भयो । अमरसिंह र उनको सेनाले अभूतपूर्व वीरता प्रदर्शन गरेर सुजनपुरा पनि हातमा लिए । यसरी पटक–पटकका लडाइँहरूमा हार खाईकन खिन्न भएका राजा संसारचन्द्रले आफ्नो सुरक्षाका लागि सैनिकहरूका साथ अभेद्य काङ्गडा किल्लाको आश्रय लिए । अमरसिंह पनि बलियो काङ्गडा किल्लालाई हत्याउने विचारले चारै तिरबाट आफ्ना सेनाद्वारा घेरेर युद्धको प्रतीक्षा गरिरहेका थिए ।

सार्द्धवर्षद्वयं यावद् वीरचङ्क्रमणैर्मुहुः ।
काँगडादुर्गमाक्रम्य प्रत्याक्रम्य व्यराजत ।।४२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविश्रान्तेन युद्धेन क्षीणसैन्यबलोऽप्ययम् ।
काँगडां वशगां कर्तुं नोद्यमं विजहौ क्वचित् ।।४३।।
नृपः संसारचन्द्रोऽपि लब्ध्वा पञ्जावभूपतेः ।
रणजित्सिंहवीरस्य सिख्खसैन्यबलं महत् ।।४४।।
युयुधेऽमरसिंहस्य सैनिकैः काँगडागढे ।
क्षीणसैन्योऽमरो वीरो विवशः सैनिकैः सह ।।४५।।
शतरुद्रां समायातः कालो हि बलवत्तमः ।
काँगडाविजयेच्छासाखण्डिताकालयोगतः ।।४६।।
पञ्जावभूपतेर्गोर्खाभूपतेश्च परस्परम् ।
वैरवृद्धिश्च गौराशासकानां मुदेऽभवत् ।।४७।।

अढाई वर्षसम्म आफ्ना वीरहरूको वीरतापूर्ण गतिविधिद्वारा बारबार काङ्गडादुर्गमा आक्रमण र प्रत्याक्रमण गर्दै अमरसिंह अडिग भएर रहे । लगातार गरिएका युद्धबाट सैनिकहरू थाकेका भए पनि धैर्यपूर्वक काङ्गडामाथि अधिकार जमाउने प्रयासलाई कुनै बेला पनि छाडेनन् । उता काङ्गडादुर्गमा थुनिएका संसारचन्द्रले जुक्तिपूर्वक पञ्जावकेसरी राजा रणजितसिंहसँग सम्पर्क गरी उनको लडाकु सिखसेनाको सहयोग प्राप्त गरे । फलस्वरूप काँगडा दुर्गमा निर्णायक युद्धको थालनी भयो । अमरसिंह पनि थाकेका र छोटिँदै गएका सैनिकहरूका साथ लड्दा विजय गर्न नसकिने ठानी काङ्गडा दुर्ग छाडेर सैनिकहरूका साथमा वारि शतरुद्राको किनारमा फर्कन विवश भए । हुन पनि समय सबभन्दा बलवान् हुँदो रहेछ । समयकै प्रतापले गर्दा अमरसिंहको काङ्गडाराज्यमा विजय गर्ने इच्छा अधुरो नै रहन पुग्यो । यता गोर्खाली सैनिकहरूसँग सशङ्कित भएका पन्जावकेसरी रणजितसिंहले संसारचन्द्रलाई सहयोग पुऱ्याएपछि गोर्खाली राजा र उनको बीचमा मनमुटाव भयो । त्यो मनमुटाव नेपाल र पञ्जावको बीचमा मैत्री नहोस् भन्ठान्ने अङ्ग्रेज शासकहरूका लागि हर्षदायक बन्न पुग्यो ।

तदैव पञ्चधा भक्ता नेपालस्य समन्ततः ।
प्रारेभे च महद् युद्धं गौराङ्गानामनीकिनी ।।४८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्तर्लोनेश्च नेतृत्वे पश्चिमां जेतुमुद्यता ।
सेना गौराङ्गनाथस्य गोरखासैनिकैः सह ।।४९।।
युयोध नूत्नशस्त्रास्त्रा स्थाने राजगढाभिधे ।
ततो युद्धमभूद् घोरं मलाउँकोट्टके पुनः ।।५०।।
यस्य पराक्रमाद् घोरात् सीमा राष्ट्रस्य पश्चिमा ।
गढवालान्विता प्राप्ता शतरुद्रां तरङ्गिणीम् ।।५१।।
अद्य तामेव सीमां स रक्षितुं स्वजनान्वितः ।
युद्धयन् प्राणपणै रेजे गौराङ्गैः शस्त्रपाणिभिः ।।५२।।

त्यसैबेला नेपाल राष्ट्रका सीमाको चारैतिर बाँडिएर पाँच समूहमा रहेको अङ्ग्रेजको सेनाले ठूलो युद्ध प्रारम्भ गऱ्यो । नेपालको पश्चिम सीमालाई स्वाधीन तुल्याउन अक्टरलोनीको नेतृत्वमा नयाँ नयाँ शस्त्रास्त्रले सज्जित अङ्ग्रेज सेनाको गोर्खाली सैन्यहरूका साथ राजगढमा घोर युद्ध भयो । त्यसपछि मलाउगढमा युद्ध भयो जुन राष्ट्रको पश्चिमी सीमा अमरसिंहको पराक्रमबाट गढवाल र शतरुद्रासम्म पुग्यो, आज त्यसैको रक्षा गर्न आफ्ना सैनिकहरूका साथ वीर अमरसिंह थापा प्राणको बाजी लगाएर नयाँ नयाँ शस्त्रास्त्रले सुसज्जित अङ्ग्रेज सेनासँग युद्ध गर्दै गौरवका साथ सुहाइरहेका थिए ।

नेपालाङ्ग्लरणे सोऽयं पालयन् वारुणीं दिशम् ।
सैन्यं सञ्चालयन् युद्धकौशलं तत् प्रदर्शयन् ।।५३।।
आङ्ग्लैस्तै रिपुभिश्चापि साश्चर्यमभिवन्दितः ।
शौर्यस्य शरणं मूर्तिर्वीरताया नवा भुवि ।।५४।।
धैर्यस्य परमं धाम नरसिंहोपमो महान् ।
वीरो नेपालभूर्येन धन्याऽभूद् धरणीतले ।।५५।।
आङ्ग्लसैन्यैर्निर्युध्यँस्तैः संसारे शक्तिशालिभिः ।
नवशस्त्रास्त्रसम्पन्नैर्निपुणै रणनीतिषु ।।५६।।
स्थितः षण्मासपर्यन्तं मलाउँकोट्टके निजैः ।
द्विशतं सैनिकैर्वीरो रिपुभिरावृतोऽपि सन् ।।५७
प्रलोभनं कोटिशस्तद् राज्यमानपदात्मकम् ।
नाङ्गीचकार धूत्कुर्वन् वीरधर्मबहिर्गतम् ।।५८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समुद्र इव गम्भीर उत्तुङ्गो गिरिराडिव ।
केवलं युयुधे वीरो वीरधर्मपुरस्कृतः ।।५९।।
यावत्प्राणार्पणं चक्रे नैव धैर्यं क्वचिज्जहौ ।
यावत्प्राणार्पणं युद्धे युद्ध्यामीति विभावयन् ।।६०।।
उत्साहं वीरसैन्यानां धैर्येण वर्धयन्नसौ ।
जय हे कालिके ! गोर्खाकालिके जय हे ! वदन् ।।६१।।
साम्राज्यवादिना तेन ब्रिटेनेन भयं त्यजन् ।
युयोध समरे घोरं महाकालीव दानवैः ।।६२।।

नेपाली सेना र अङ्ग्रेज त्यस युद्धमा पश्चिम दिशाको रक्षाको अभिभारा लिएर पश्चिम सीमाको रक्षा गर्दै, आफ्ना सैनिकहरूको हौसला बुलन्द गर्दै र युद्धका हरेक चालहरूको प्रयोग गर्दै अगाडि बढेका वीर अमरसिंह अङ्ग्रेज सेनानायकहरूद्वारा पनि सम्मानित भए । वास्तवमा त्यसबेला अमरसिंह शौर्यका मुहान बनेका थिए, वीरताका अभिनव अवतारै हुन् कि जस्ता देखिन्थे र धैर्यका अन्तिम स्रोत बनेर रहेका थिए । वस्तुतः महावीर अमरसिंहले भगवान् नरसिंह झैं रौद्रमुद्रामा रहेर आफ्नो राष्ट्रको स्वाभिमान र गौरवको रक्षा गरिरहेका थिए । त्यस अवसरमा नेपाल आमा पनि अमरसिंह जस्तो सपूत छोरो पाएर गद्गद भएकी थिइन् । संसारमै शक्तिशाली मानिएका नयाँ नयाँ शस्त्रास्त्रले सुसज्जित रणकुशल अङ्ग्रेज जातिका वीरहरूद्वारा घेरिएर पनि आफ्ना बाँकी रहेका जम्मा २०० सैनिकहरूका साथमा रहेर उनले ६ महिनासम्म धीर भएर मलाउँगढको रक्षा गरे तर त्यसबेला अङ्ग्रेजहरूले तिमी युद्ध छोड, पश्चिम नेपालको सेनापतिको पद छोड, हाम्रो सेनामा आऊ ठूलो पद दिन्छौं, अकूत सम्पत्ति दिन्छौं, कुनै राज्यको राजा बनाइदिन्छौं भन्ने जस्ता प्रलोभनलाई दूत्कारेर वीरधर्मविपरीत प्रलोभन दिनेहरूलाई तिम्रो बुद्धिलाई धिक्कार भनेर थुकिदिए । उनी त्यो युद्धको विभीषिकामा पनि समुद्रझैं गम्भीर थिए र उनको भावना हिमालयझैं उच्च थियो । उनी त सबै कुरा बिर्सेर वीरधर्म अँगाली केवल लडिरहे । न थाकैं भनेर आत्मसमर्पण गरे न त धैर्यबाट च्युत भए । जबसम्म यस ज्यानमा प्राण रहन्छ तबसम्म लडाईं गर्छु भन्ने विचार गर्दै आफ्ना वीर सैनिकहरूको उत्साह बढाउँदै 'जय काली ! जय गोरखाकाली !' भन्ने नारा घन्काउँदै साम्राज्यवादी ब्रिटिशसँग कत्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि र रत्ती पनि नडराई दानवहरूका बीचमा भगवती महाकालीझैं वीरतापूर्वक लडिरहे ।

स्वल्पैस्तैः सैनिकैः सार्धं युध्यतोऽस्य न मानसे
काऽपि सा विक्रियोत्पन्ना न भ्रान्तिर्नैव सा खिदा ।।६३।।
युध्यन्तः सैनिका जाता अल्पा अल्पतराः शनैः ।
ब्रैटिशाः कूर्मराज्यस्य सञ्जाताः पश्यतोहराः ।।६४।।
विवशो नृपनिर्देशात् सन्धये ब्रैटिशैः सह ।
दृष्टवान् स्वार्जितं स्फीतं राष्ट्रं सङ्कुचितं क्षणात् ।।६५।।
तदा राष्ट्राभिमानेन दीप्तस्य तस्य सत्कृतेः ।
आत्मा ह्यमरसिंहस्य दग्धोऽभूच्छोकवह्निना ।।६६।।
राष्ट्राघातसमुत्पन्नचित्ताघातरुजार्दितः ।
विह्वलो व्याकुलः सोऽयं जीवनादपि कातरः ।।६७।।
सत्पुत्रो हिमराष्ट्रस्य सन्नेता हिमसंस्कृतेः ।
सद्भक्तो हिमजाभर्तुर्हिमालसन्निधिं गतः ।।६८।।

आफ्ना थोरै सेनाहरूका साथ युद्धमा डटिरहेका अमरसिंहको मनमा कुनै विकार कुनै खेद र कुनै भ्रान्ति थिएन अर्थात् म मेरा सैनिकहरूका साथ जे गरिरहेको छु, त्यो नै एउटा सपूतको कर्तव्य हो भन्ने भावना थियो तर दुर्भाग्यवश आफ्ना सैनिकहरू थोरै र ज्यादै थोरै मात्र बाँकी रहे । त्यस अवस्थामा शतरुद्रासम्म पुगेको कुमाउँको राज्यलाई पनि अङ्ग्रेजहरूले आफ्नो आँखासामु हस्तगत गरे । त्यसै बेला राजधानीबाट अक्टरलोनीसँग सन्धि गर्ने निर्देश आइपुग्यो । त्यसपछि राष्ट्रघाती सुगौली सन्धि नेपालीहरूले बेहोर्नु पऱ्यो । वीर अमरसिंहले आफैले ५० वर्षको सेवाकालमा आर्जेको चौडा राष्ट्रलाई आफ्नै आँखाले साँघुरिएको अवस्थामा देख्नु पऱ्यो । राष्ट्रको स्वाभिमानले धप्प बलेका आफ्नो संस्कृति र सत्कर्ममा आस्था राख्ने महान् सेनानायक अमरसिंहको आत्मा शोकाग्निको ज्वालाले डढ्यो । राष्ट्रघातबाट जन्मिएको हृदयाघातबाट पीडित भएका वीरनायक त्यसबेला केटाकेटी झैं भावुक बन्न पुगे र साह्रै व्याकुल भए । व्याकुल मात्र हैन जीवनदेखि पनि निराश भए । हिमाली राष्ट्र नेपालका सपूत, वीरगोर्खाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेनाका नायक, हिमवत्खण्डको लोकपावन संस्कृतिका उन्नायक र हिमनन्दिनी गौरीका पति सदाशिव शङ्करका परम भक्त अमरसिंह थापा आत्मशान्तिका लागि राजधानी हुँदै हिमालयकै छेउँ गोसाईंकुण्ड तीर्थमा पुगे ।

गुणर्षिवसुपृथ्वीभिः सम्मिते वैक्रमाब्दके ।
गोसाईंकुण्डसत्तीर्थे श्रीनागपञ्चमीतिथौ ।।६९।।
चिन्तयन् नयपालेऽस्मिन् राष्ट्रवादसमुन्नतिम् ।
नैपालजनतायाश्च स्वाभिमानमयीं गतिम् ।।७०।।
साम्राज्यवादिनां नाशं विनाशं भेदवादिनाम् ।
समुन्नतिं स्वधर्मस्य दीप्तिं वैदिकसंस्कृतेः ।।७१।।
समृद्धिं नयपालस्य सत्कीर्तिं नयपालिनाम् ।
ध्यायन् स्वहृदयाम्भोजे देवीं हैमवतीं पराम् ।।७२।।
अर्पयन् मानसं स्वीयं हिमजाजानये मुदा ।
यशसा धवलीकुर्वन् धरणीं त्रिदिवं ययौ ।।७३।।

विक्रम संवत् १८७३ नागपञ्चमीका दिन गोसाईंकुण्ड तीर्थमा यस प्यारो राष्ट्र नेपालमा राष्ट्रवादको विजय होस्, साम्राज्यवादीहरूको नाश होस् र भेदवादीहरूको विनाश होस्, नेपाली जनताको स्वाभिमानपूर्ण प्रगति होस्, आ–आफ्ना धर्मको अभ्युदय होस् र विश्वको सर्वप्राचीन वैदिक संस्कृतिको चहकिलो कान्ति छरियोस्, नेपालीहरू उद्योग र सत्कर्मले यशस्वी बनून् भन्ने कुरा मनमा खेलाउँदै, आफ्ना हृदयकमलमा हिमालकी गोरी छोरी गौरीको ध्यान गर्दै, आफ्ना यशले धर्तीलाई सेताम्मे बनाउँदै र आफ्नो चित्त हिमपुत्री गौरीका प्यारा स्वामी सदाशिव शङ्करलाई सुम्पँदै नेपालका महान् सेनानायक अमरसिंह दिवङ्गत भए ।

राष्ट्रभक्तिः परा तस्य धवला स्वाभिमानिता ।
इतिहासाङ्किते भातो देशस्य स्वर्णिमाक्षरैः ।।७४।।
प्रेरयन् वर्ततेऽद्यापि वीरः स्वर्गे स्वदेशजान् ।
राष्ट्रवादस्य सन्मार्गे स्वाभिमानस्य पद्धतौ ।।७५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरसिंह थापाको चरम राष्ट्रभक्ति र सेतो स्वाभिमान आज पनि नेपालको इतिहासमा स्वर्णिम अक्षरले लेखिएर रहेको छ । आज पनि महासेनानी अमरसिंह थापा स्वर्गमा रहेर नेपालीहरूलाई राष्ट्रवादको सन्मार्गमा अग्रसर हुन र स्वाभिमानको भव्य सरणिलाई अँगाल्न उत्प्रेरित गरिरहेका छन् ।

इति वीरवरामरसिंहथापाचरितनामके खण्डकाव्ये
नेपालीभाषानूदिते प्रथमः संवादः ।

卐

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयः संवादः

शिष्य उवाच– शिष्यले प्रश्न गरे–

अमराभिधवीरस्य थापावंशशिरोमणेः ।
व्यक्तित्वंचापि कार्याणि श्रोतुमिच्छामि भो गुरो ।।१।।

हे गुरुदेव ! थापाकुलका चूडामणि वीर अमरसिंहको व्यक्तित्व र उनले गरेका सामाजिक र सांस्कृतिक कार्यहरूको विषयमा सुन्न चाहन्छु ।

गुरुरुवाच– गुरुले उत्तर दिनुभयो –

वीरो ह्यमरसिंहोऽसौ राष्ट्रवादी दयाधनः ।
निःस्वार्थोऽलोलुपः स्निग्धः सत्तासंघर्षवर्जितः ।।२।।
जिज्ञासुरपि धर्मात्मा कर्मवादी महागुणी ।
अनुरागी च शास्त्राणां तपस्वी योगसाधकः ।।३।।
पृथ्वीनारायणेशस्य प्रतापस्य च शासने ।
शासने रणभूपस्य गीर्वाणयुद्धशासने ।।४।।
सेनापतिरसौ चक्रे राष्ट्रसेवां निरन्तरम् ।
दत्तवान् राष्ट्रसेवायै पञ्चाशद्वत्सरान् निजान् ।।५।।

वीर अमरसिंह राष्ट्रवादी, दयावान्, निःस्वार्थ, निर्लोभ सबैसँग प्रीतिपूर्वक व्यवहार गर्ने, छुद्र राजनीतिद्वारा बखेडा गरी सत्तामा वर्चस्व जमाउने प्रवृत्ति नभएका, रहस्यप्रति तीव्र जिज्ञासा राख्ने, धर्मप्राण, कर्मवादी, गुणी, शास्त्रानुरागी तपस्वी र योगसाधक पनि थिए । सेनापतिका रूपमा रही पृथ्वीनारायण, प्रतापसिंह, रणबहादुर र गीर्वाणयुद्धविक्रम गरी ४ वटा राजालाई बेहोर्ने अमरसिंहले आफ्ना जीवनका ५० वर्ष राष्ट्रकै सेवामा लगाएका थिए ।

उपत्यकाजये खण्डराज्यानां विजये तथा ।
पूर्वस्याः पश्चिमायाश्च विजये भोट्टसञ्जये ।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगदानी महोत्साहो विक्रमी धैर्यवानसौ ।
विभूतिरितिहासस्य परराष्ट्रेषु चर्चितः ।।७।।
ब्रैटिशैर्धनसम्पत्तिराज्यादीनां प्रलोभने ।
दत्तेऽपि देशसेवायामचलो गिरिराडिव ।।८।।
प्रलोभनञ्च न्यक्कृत्य थुक्कृत्य च प्रलोभकान् ।
नेपालमातुः पादाब्जसेवाधर्मे समर्पितः ।।९।।
धर्मनीतिराजनीतिकूटनीतिविशारदः ।
निर्माता धर्मशालानां मन्दिराणां पथामपि ।।१०।।
सेतूनां जयस्तम्भानां प्राकाराणां स्थले स्थले ।
शूरो वीरो रणे धीरो हिमालरणकेसरी ।।११।।
विज्ञः सेनापतिश्चापि वृद्धकार्यीति विश्रुतः ।
टिस्टायाः काँगडायाश्च त्रिगर्तस्यापि विक्रमात् ।।१२।।
वशीकारे परो हेतुर्वधाटनृपतिस्तथा ।
कार्यी महुडासंज्ञोऽयं विक्रान्तो रणप्राङ्गणे ।।१३।।
वीरबलाभिधाख्यातो महायुद्धेषु केशरी ।
धर्मनिष्ठो गुणी ज्ञानी ज्योतिर्विद्याविशारदः ।।१४।।
यशस्वी कर्मनिष्ठश्च सद्भक्तो जगदीशितुः ।
इदमेव हि व्यक्तित्वं थापावंशशिरोमणेः ।।१५।।
विविधानि विशिष्टानि स्मरणीयानि सर्वदा ।
वच्मि कार्याण्यहन्तानि सावधानतया शृणु ।।१६।।

काठमाडौं उपत्यकामाथि विजय, बाइसे र चौबीसेमाथि विजय, पूर्वविजय, पश्चिम विजय र भोटविजयमा समेत ठूलो योगदान पुऱ्याउने अमरसिंह उत्साहशक्तिसम्पन्न वीर थिए, पराक्रमी र धैर्यवान् सेनापति थिए । देश–देशान्तरका मनिसहरूले यिनका वीरताको चर्चा गरेका थिए । वस्तुतः यी राष्ट्रको गौरव बढाउने सच्चा विभूति थिए । अङ्ग्रेजहरूले अनेकौं प्रलोभन दिँदा पनि हिमालय पर्वतझैं नडग्मगाएर कर्तव्यपालन गर्ने र प्रलोभन देखाएर कर्तव्यच्युत गराउन चाहनेहरूको होसहवास उडाइदिने नेपाल आमाको पाउरूपी कमलको सेवारूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्ममा दीक्षित सच्चा सपूत थिए । यी धर्मनीति, राजनीति र कूटनीतिमा पोख्त थिए । यिनले आफ्नो सुदीर्घ राष्ट्रसेवा कालमा अनेकौं मन्दिर, पाटी–पौवा, पुलपुलेसा, धर्मशाला, बाटाघाटा, विजयस्तम्भ, चौतारी र पर्खाल बनाएका थिए । यी शूर, वीर र युद्धमा धीर थिए । हिमालरणकेसरी, विज्ञ सेनापति, टिस्टा–काँगडा र त्रिगर्तविजेता, बघाटका राजा, बूढाकाजी महुडाकाजी, रणविक्रान्त, वीरबल र युद्धकेसरी जस्ता उपाधिबाट चिनिएका थिए । वास्तवमा अमरसिंह थापा धर्मात्मा, ज्ञानी, ज्योतिषविद्याका ज्ञाता, कर्मनिष्ठ, यशस्वी र भगवान्का निश्छल भक्त थिए । मैले यसरी अमरसिंह काजीको व्यक्तित्वका विशेषता बताएँ । अब उनले गरेका धेरै थरीका सदा सम्झना गरिन योग्य सामाजिक र सांस्कृतिक कार्यहरूको विषयमा बताउँछु ।

वीरो ह्यमरसिंहोऽसौ नेपालस्य समन्ततः ।
दुर्गाणि मन्दिरादीनि निर्ममे भक्तिपूर्वकम् ।।१७।।
जनकस्य पुरे भव्यं श्रीसीतारामम्न्दिरम् ।
सिन्धुलीगढक्षेत्रे च श्रीराममन्दिरं शुभम् ।।१८।।
रामेछापे डुम्रीखर्के भलुवाजोरपर्वते ।
भव्यान् विजयस्तम्भांश्च प्राकारं सिन्धुलीगढे ।।१९।।
प्राकारं फिक्कले, चापि कुञ्छायां लमजुङ्गके ।
मानेचौके चतुष्पाटीं, धारां रम्यां शिवालयम् ।।२०।।
तनहूँमण्डले चीसा–पानीस्थाने च मन्दिरम् ।
कालिकाभगवत्याश्चामरसिंहगढे पुनः ।।२१।।
उद्यानं रमणीयञ्च निजपैतृकवेश्मनि ।
उपवनं सुरम्यञ्च डोटीजनपदे महत् ।।२२।।
मालिकामन्दिरं रम्यं तत्रैव बडिमालिका–
स्थाने देव्याः पराम्बायाः पावनं मन्दिरं नवम् ।।२३।।
पालपायाञ्च केलादी–घट्टे कृष्णातटीस्थिते ।
मन्दिराणि च सीताया रामस्य लक्ष्मणस्य च ।।२४।।
आञ्जनेयस्य वीरस्य तानसेनपुरे तथा ।
अमरागञ्जके भव्यं गृहं च शक्तिमन्दिरम् ।।२५।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गढवाले च गङ्गोत्र्यां नव्यं भैरवमन्दिरम् ।
ब्रह्मपुत्रे च कामाख्याकालिकामन्दिरं शुभम् ।।२६।।

तत्कालीन पश्चिम नेपालका नायक अमरसिंहले नेपालका र स्वविजित तत्कालीन नेपालका वरिपरि भक्तिपूर्वक अनेक देवमन्दिर, पाटी–पौवा, सत्तल–धर्मशाला दुर्ग आदि बनाएका थिए । जस्तै जनकपुरमा– सीताराम मन्दिर, सिन्धुलीगढीमा राममन्दिर, रामेछाप, डुम्रीखर्क र भलुवाजोरडाँडामा विजयस्तम्भ, सिन्धुलीगढीमा पर्खाल, फिक्कलमा पर्खाल, लमजुङको कुन्छामा पाटी–पौवा, मानेचौकमा चौतारी–धारा–शिवालय, अमरगढीमा बगैंचा, तनहूँको चिसापानीमा भगवतीको मन्दिर, आफ्नो पैतृक घर तनहूँमा उद्यान, डोटीमा मालिका मन्दिर, डोटीकै बडीमालिकामा भगवतीको भव्य मन्दिर, कालीगण्डकी किनारमा रहेको केलादीघाट पाल्पामा सीताराम, लक्ष्मण र हनुमान्का मन्दिरहरू, तानसेन पाल्पाको अमरगञ्जका सुन्दर घर र देवीको मन्दिर, गङ्गोत्री गढवालमा भैरवमन्दिर र ब्रश्चपुत्रमा कामाख्या मन्दिर बनाएका थिए ।

श्रीपशुपतिनाथस्य मन्दिरस्य समन्ततः ।
प्रदीपानां राजतानां षष्ट्युत्तरशतत्रयम् ।।२७।।
गुह्येश्वरीसमीपे च सिद्धेशशिवमन्दिरम् ।
ठमेले कान्तिपुर्याञ्च त्रिदेवीमन्दिरं शुभम् ।।२८।।
धादिङ्गमण्डले चैव केवलाख्ये पुरेऽमरः ।
द्वात्रिंशत्कोष्ठकं भव्यं भवनं शक्तिमन्दिरम् ।।२९।।
काजीशालां काजीपाटीं काजीपुष्करिणीं तथा ।
काज्युद्यानं वराहस्य मष्टस्य स्वकुलेशितुः ।।३०।।
मन्दिराणि च सोमेशमन्दिरं विन्ध्यवासिनी–
मन्दिरं चापि निर्माय व्यदत्त गोष्ठिकामपि ।।३१।।
बृहन्नेपालनिर्माणे साफल्याय प्रयोजितः ।
सपादलक्षसंख्यानि मन्दिरादीनि शिल्पिभिः ।।३२।।
विरचय्य धरामेतां नेपालाख्यां व्यभूषयत् ।
नेपालावनिसत्पुत्रो भीमसिंहसुतोऽमरः ।।३३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतौ स्वीयधर्मे च नरान् नारीश्च प्रेरयन् ।
मार्गनिर्देशनं चक्रे जनानां देशवासिनाम् ।।३४।।

अमरसिंहले श्रीपशुपतिनाथ मन्दिरका चारैतिर चाँदीका पाला राखिदिए । गुह्येश्वरी समीपमा सिद्धेश्वर शिवको मन्दिर बनाए । काठमाडौं ठमेलमा आफ्नै घरका सामु त्रिदेवीमन्दिर बनाए । धादिङ केवलपुरमा बत्तीसकोठा भएको घर, देवीको मन्दिर, काजी धर्मशाला, काजीपाटी, काजी पोखरी, काजी बर्गैंचा, वराह–मष्ट र कुलदेवताको मन्दिर, सोमेश्वर शिवमन्दिर र विन्ध्यवासिनी मन्दिर बनाएर प्रशस्त गुठी पनि रादिखिए । विशाल नेपालको निर्माणमा सफलताको लागि मन्दिर धर्मशाला आदि पुण्यकार्यको सम्पादनमा संलग्न बडाकाजी अमरसिंह थापाले सवालाख कीर्ति राख्न शिल्पकारहरूद्वारा मन्दिर धर्मशाला आदि बनाउन लगाएर नेपाल आमाको सोह्र शृङ्गार गरे । नेपाल आमाका सपूत अमरसिंहले आफ्नो धर्म र संस्कृतिको संरक्षण र संवर्धन गर्ने क्रममा सम्पूर्ण नरनारीलाई उत्प्रेरित गर्दै सबैलाई मार्गदर्शन गरे ।

इति वीरवरामरसिंहथापाचरितनामके खण्डकाव्ये
नेपालीभाषानूदिते द्वितीयः संवादः ।

卐

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीयः संवादः

शिष्य उवाच– शिष्यले प्रश्न गरे –

विविधेषु प्रसङ्गेषु थापावंशशिरोमणेः ।
वीरस्यामरसिंहस्य यादृश्यश्चाभिव्यक्तयः ।।१।।
यादृश्यो भावनाश्चैव तदुक्तिप्रतिबिम्बिताः ।
सर्वास्ताः श्रोतुमिच्छामि कृपया वद मां गुरो ।।२।।

गुरुदेव ! आफ्ना जीवनका अनेकौं अवसरमा थापा कुलका चूडामणि वीर अमरसिंहका कस्ता अभिव्यक्ति भए र ती उक्तिमा प्रतिबिम्बित कस्ता भावना थिए, ती उक्ति र भावनाको विषयमा म सुन्न चाहन्छु । कृपा गरेर मलाई सुनाउनु होस् ।

गुरुरुवाच– गुरुले उत्तर दिनुभयो –

शतरुद्रातटे राजगढे वीरशिरोमणिः ।
प्रयुध्यन्नाङ्ग्लसैन्यैस्तैः पत्रं लिखितवान् पुरा ।।३।।।
गीर्वाणयुद्धशाहाय भो भूपालशिरोमणे !
रणेऽस्मिन् राष्ट्ररक्षायां यदि स्यामः पराजिताः ।।४।।
पराजयस्य दुःखेन हीनताबोधपूर्वकम् ।
करणाच्छत्रुभिः सन्धेरुत्तमं मरणं युधि ।।५।।
निजेन गुप्तस्वार्थेन न्यक्कृत्य राष्ट्रगौरवम् ।
शत्रुभिर्यश्च सन्धानं स्वोपज्ञं कर्तुमिच्छति ।।६।।
स शत्रुर्नयपालस्य भूपतेर्जनसन्ततेः ।
स शत्रुः स्वाभिमानस्य राष्ट्रवादस्य भूपते ।।७।।
भवतां पुण्यमूलेन प्रतापेन सुविस्तृतम् ।
कनका-काँगडामध्ये राजितं भुवि सुन्दरम् ।।८।।
राष्ट्रं रक्षयितुं शक्तः सेवकोऽयं प्रयाचते ।
स्वप्नेऽपि ब्रैटिशैः सन्धिर्नैव कार्यो धरापते ! ।।९।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वि.सं. १८७१ मा शतरुद्राको किनारमा स्थित राजगढमा अङ्ग्रेज शत्रुहरूका साथ घमासान युद्ध गरिरहेका सेनानायक वीर अमरसिंह थापाले तत्कालीन राजा गीर्वाणयुद्धविक्रमलाई सम्बोधन गरेर चिठी पठाएका थिए । त्यसमा भनिएको थियो– "महाराजाधिराज सरकार ! राष्ट्रको रक्षाका लागि गरिएको शतरुद्राको यस लडाइँमा हामी हार्‍यौं भने पनि पराजयका दुःखले हीनताबोधपूर्वक शत्रुसँग सन्धि गर्नु भन्दा यसरी लडाइँ जारी राखेर लडाइँमा नै प्राणत्याग गर्नु सम्मानजनक हुने छ । त्यसकारण अङ्ग्रेजसँग सन्धि गर्न हुँदैन सरकार ! कसैले आफ्नो कुनै स्वार्थले गर्दा आफ्नो स्वच्छन्द बुद्धिबाट अङ्ग्रेजहरूसँग सन्धि गर्न चाहन्छ भने त्यो नेपालको शत्रु हो, नेपालका राजाको शत्रु हो, नेपाली जनताको शत्रु हो, नेपाली स्वाभिमानको शत्रु हो र नेपाली राष्ट्रवादको पनि शत्रु हो । मौसुफका पुण्यप्रतापले कनकादेखि काँगडासम्म फैलिएको संसारमा सुन्दर राष्ट्रका रूपमा विराजमान यस नेपाल राष्ट्रको रक्षा गर्न म एक्लै समर्थ छु सरकार ! तसर्थ यो राष्ट्रसेवक अमरसिंह थापा अङ्ग्रेजहरूसँग हामीले कुनै हालतमा पनि सन्धि गर्न हुँदैन भन्ने बिन्ती चढाउँछ सरकार !"

रणभीमाभिधं पुत्रं जगाद सत्पिताऽमरः ।
एकदा भुवने सर्वं मरणान्तं हि जीवनम् ।।१०।।
भविता नैव मे मृत्युर्लोके केनापि हेतुना ।
स्वेच्छयाऽहं मरिष्यामि मरणं सत्यजीवनम् ।।११।।

एकदिन वीर अमरसिंहले रणभीम थापा नामक आफ्ना छोरालाई सम्बोधन गर्दै भनेका थिए– 'बाबु ! सम्पूर्ण प्राणीहरूको जीवन मरणकै लागि हो अर्थात् जो जन्मन्छन्, ती मर्दछन् यो प्रकृतिको अटल नियम हो तर कुनै कारणबाट वा कसैबाट मेरो मृत्यु हुँदैन र मैले स्वेच्छामृत्यु वरण गर्नेछु । जीवन स्वप्न हो भने मरण नै वास्तविक जीवन हो ।'

स्वजनैः सह चर्चायां कैलासविषयेऽमरः ।
जगाद भुवि कैलासः प्रभुणा निर्मितोऽचलः ।।१२।।
अहं वाञ्छामि कैलासं सूर्यचन्द्राङ्कितैर्ध्वजैः ।
प्रदर्शयितुमाच्छाद्य विश्वलोचनसन्निधौ ।।१३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरसिंह थापाले कुनै दिन कैलासपर्वतको चर्चाको अवसरमा आफ्ना मानिसहरूसँग भनेका थिए– 'कैलासपर्वतको निर्माण स्वयं परमेश्वरका बाहुलीबाट भएको हो । हाम्रो मुकुटमणि कैलासलाई कसैले पनि हामीबाट छुट्याउन सक्दैन । म त सूर्य–चन्द्राङ्कित नेपाली झन्डाहरूले कैलासपर्वतलाई ढाकेर संसारका आँखासामु देखाउन चाहन्छु ।'

विविधेषु प्रसङ्गेषु तन्मुखान्निर्गता इमाः ।
तन्मनोभावसंपृक्तास्तद्व्यक्तित्वनिदर्शनाः ।।१४।।
वीरस्यामरसिंहस्य द्योतयन्ति सदुक्तयः ।
राष्ट्रवादे परामास्थां स्वाभिमाने च संस्कृतौ ।।१५।।

जीवनका अनेक अवसरहरूमा वीर अमरसिंहका मुखबाट निस्किएका, उनको मनोभावलाई छर्लङ्ग बनाउने र उनको व्यक्तित्वलाई चिनाउने उनका गम्भीर उक्तिहरूले उनको राष्ट्रवाद, राष्ट्रिय स्वाभिमान र राष्ट्रिय संस्कृतिप्रतिको गहन आस्था अभिव्यक्त गर्दछन् ।

अमरमहितदेवं नीलकण्ठं प्रणम्य, ह्यमरममलचित्ते मर्त्यसिंहं नियम्य ।
कृतिरियममरायांद्योतमानायतस्मै, अमरसुमसुगन्धादीयतेप्रीतिगन्धैः ।।१६।।

नेपाल आमाका वीर सपूत अमरसिंहद्वारा पूजा गरिनुभएका र जीवनको अन्तिम अवसरमा अमरसिंहका परम आश्रय बन्नुभएका गोसाइँकुण्ड तीर्थमा विराजमान भगवान् नीलकण्ठलाई प्रणाम गरी महापुरुष अमरसिंहलाई आफ्नो निर्मल मानसपटलमा स्थापित गरेर राष्ट्ररक्षाको महान् पुण्यप्रतापले वर्तमान समयमा स्वर्गको राजधानी अमरापुरीमा सुहाएका वीरवर अमरसिंहका करकमलमा प्रीतिको वासनाले सुवासित पारिजात पुष्पसमान यस कृतिलाई श्रद्धापूर्वक समर्पण गर्दछु ।

इति वीरवरामरसिंहथापाचरितनामके खण्डकाव्ये नेपालीभाषानूदिते
तृतीयः संवादः ।
वीरवरामरसिंहथापाचरितं नाम खण्डकाव्यम् समाप्तम् ।

卐

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रा.डा. वेणीमाधव ढकाल

जन्म/स्थान : २००६, पोरकनी, पाल्पा
पिता : स्व. पं. चूडामणि उपाध्याय ढकाल
माता : स्व. दिव्यलक्ष्मी ढकाल
शिक्षा : साहित्याचार्य, दर्शनाचार्य
सम्प्रति : अध्यक्ष : सेवा आयोग
नेपाल संस्कृत विश्वविद्यालय, दाङ
अनुभव : प्राध्यापक, विभागीय प्रमुख,
कार्यकारी निर्देशक (त्रि.वि.,
म.सं.वि.) ने.सं.वि.

कृतिहरू

शैलेश (खण्डकाव्य) २०३१
जय ज्योतिष्मती मुमा ! (नव्यकाव्य) २०३३
अर्जुन (शोककाव्य) २०५६
दिव्यलक्ष्मी स्मृतिकाव्य (शोककाव्य) २०६५
रश्मिप्रभास (महाकाव्य) २०६८
पृथूदयमहाकाव्यम् (तृतीय सर्ग मात्र) २०५५
त्रिशूलप्रहारः (रूपकम्) २०५६
त्रिशक्ति (खण्डकाव्यम्) २०७४
त्रिशक्ति माता का जीवन चरित्र (हिन्दी) २०४९
स्वर्गद्वारी के महाप्रभु (जीवन चरित – हिन्दी) २०७१
लीलाशान्ति सन्देश (जीवन चरित्र – हिन्दी) २०७०
मौलिक/अनूदित/सम्पादित/टीकाग्रन्थ जम्मा ५२

सम्मान :

जयतु संस्कृतम् काठमाडौंद्वारा संस्कृतविद्याशिरोमणि उपाधिविभूषित (२०७३)
विभिन्न तीसवटा सङ्घ–संस्थाबाट पुरस्कृत, सम्मानित, अभिनन्दित।

संलग्नता : अनेक सङ्घ–संस्था

अध्यक्ष : त्रिशक्ति शान्ति परिषद्, देवपत्तन, काठमाडौं
अध्यक्ष : गार्गी कन्या गुरुकुलम्, मालीगाउँ, काठमाडौं
आजीवन सदस्य : श्री दधिराम मरासिनी स्मृति प्रतिष्ठान (२०६९) आदि।
मानार्थ सदस्य : त्रिवेणी साहित्य परिषद्, नवलपरासी (२०७४)

प्रकाशक :
पाल्पा साहित्य समाज
तानसेन, पाल्पा

9 789937 025881

Jayatu Sanskritam, Kathmandu, Nepal